# अध्याय - एक
# परिचय

## १.१. अध्ययनको पृष्ठभूमी

शिक्षाप्रति विभिन्न समुदाय र समाजहरुको आ-आफ्नो धारणा वा बुझाई रहेको हुन्छ। अझ भन्ने हो भने व्यक्ति - व्यक्तिमा पनि यस प्रतिको बुझाई फरक रहन्छ। समाज र संस्कृति अनुसार शिक्षा प्रतिको धारणा पनि भिन्न रहेको हुन्छ। यसैगरी सामाजिक स्तरले पनि शिक्षा प्रतिको धारणामा प्रभाव पार्ने गर्दछ। जस्तै उच्च र निम्न आर्थिक स्तर भएका व्यक्तिहरुको शिक्षाप्रतिको धारणा वा बुझाई पनि फरक फरक हुन जान्छ। अर्थात् उच्च आय स्तर भएका व्यक्तिले शिक्षालाई जुन रुपमा बुझेका हुन्छन् तर निम्न आय स्तर भएका व्यक्ति एउटै समाजमा भए पनि त्यही रुपमा नबुझ्न पनि सक्छन्। यसरी प्रतेकको बुझाई एउटै समाज एउटै संस्कृति र एउटै समुदाय भित्र पनि फरक फरक हुने गर्दछ। त्यसैले शिक्षाको समाज शास्त्रीय अर्थहरुलाई बुझ्न र तिनलाई विश्लेषण गर्नु आफैमा महत्वपूर्ण छ।

शिक्षालाई समाजशास्त्रीय आधारमा अगाडी बढाउनु पर्दछ भन्नेहरुको मान्यता के हो भने समाजको आवश्यकता, आकांक्षा र दर्शन अनुसार शैक्षिक संगठनहरु हुनुपर्दछ। वालबालिकामा सामाजिक भावनाको विकास गर्न र समाज प्रतिको उसको दायित्वबोध गराउन, समाजको समस्या समाधान गर्न र समाजको भनाइको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ। मानिस सामाजिक प्राणी हो। उसको सम्पूर्ण जीवन समाजमै व्यत्तित हुन्छ। उसले समाजकै अन्य सदस्यबाट बोल्न, लेख्न, पढ्न लगायत अन्य व्यवहार सिक्दछ। त्यसैले शिक्षा भनेको सामाजिक प्रक्रिया हो र यो समाज सापेक्ष हुनुपर्दछ। भन्ने धारणाको विकास भएको छ। मानिस र समाज विच अन्योन्याश्रित सम्बन्ध छ। त्यस्तै सम्बन्ध शिक्षा र समाजबीच पनि छ। एकातिर शिक्षाको माध्यमबाटै समान उन्नत र विकसित हुन्छ। शिक्षाले समाजका सम्पूर्ण जटिलताहरु फुकाई सरल बनाइ दिन्छ। एउटा बालकलाई समाज अनुकुल नागरिक बनाइदिन्छ। अर्कातिर शिक्षाको उद्देश्य, पाठ्यक्रम, संगठन, क्रियाकलाप र मूल्याङ्कन विधिको निर्धारण समाज अनुसार गरिन्छ। त्यसैले शिक्षा र समाजलाई एउटै सिक्काका दुई पाटाहरु हुन भन्ने गरिन्छ। (ढकाल र कोइराला, २०७१ )

नेपालमा सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि विभिन्न योजना, कार्यक्रम, परियोजनाहरु र रणनिति कार्यान्वयन गरिएको छ। तर उचित परिणाम अहिलेसम्म हासिल भएको छैन। कक्षकोठाको अभाव, कमजोर विद्यालय भवन, समुदायमा विद्यालयका निमित्त उचित स्थानको अभाव, समयमै पाठ्यपुस्तकको अभाव जस्ता समस्या रहेका छन्। त्यसैगरी, पाठ्यक्रम केन्द्रित निर्देशन विधि अवलम्बन गरीएको छ। सार्वजनिक विद्यालयको गुणस्तर खस्कनुमा परम्परागत शिक्षण सिकाई रणनीति, शिक्षकहरुको अभाव वा कम सहभागिता पनि

कारक रहेका छन् । यसबाहेक गरिबी, जातिय, भाषिक, लैङ्गिक तत्वहरु जसले समाजमा जरा गाडिसकेका छन् । जबसम्म यो केन्द्रिकृत शिक्षा स्थानीय व्यक्तिगत तहमा रुपान्तरित हुँदैन । समस्या समाधानको निमित्त रचनात्मक, रणनीतिक सोच हुँदैन तबसम्म विद्यालय शिक्षा सफल र गुणातमक हुँदैन । (भट्ट, २०११)

शिक्षाको उत्पत्ति र विकासक्रमको विश्लेषण गर्दा प्राचीनका, मध्यकाल र आधुनिककालमा अलग अलग रुपमा हुँदै गएको पाइन्छ । प्राचनिकालमा गुरुकुल शिक्षा प्रणालीको वातावरण थियो । यस शिक्षा प्रणलीमा गुरुका् सेवा गर्नु,भिक्षा मागि गुरुलाई खुवाउनु आदि कार्यमा शिक्षा सिमित थियो । मध्य युगमा धार्मिक संस्कारले शिक्षालाई अधिनस्थ गऱ्यो । यसपछि विश्व समाजमा ठूलाठूला क्रान्तिहरु भए, मुलुकहरु उपनिवेशबाट मुक्त हुन थाले । अब दार्शनिकहरु, शिक्षाविद्हरु र समाजशास्त्रीहरु शिक्षालाई नयाँ स्वरुपबाट सोच्न थाले र विस्तारै विज्ञान र प्रविधिको पनि विकास हुँदै गयो । आधुनिक समाजमा राज्यले नागरिकलाई शैक्षिक अधिकार प्रदान गरेको छ । शिक्षा हासिल  गर्नका लागि स्कूल, कलेज र विश्वविद्यालयलाई औपचारिक संस्थाको रुपमा लिइएको छ । जसमा पढाउनको लागि शिक्षक र प्राध्यापकहरुलाई नियुक्त गरिएको छ । (शर्मा, २०६०)

समाजको विकासलाई अघि बनाउन शिक्षाको आवश्यकता हुन्छ । समाजको परिवर्तन र विकासलाई अघि बढाउन शिक्षा अपरिहार्य छ । देशको आर्थिक अवस्थामा सुधार ल्याउन, श्रोत र साधनको उपयोग गर्न तथा समाजमा भातृत्व र भाइचाराको विकास गर्न पनि शिक्षाको त्यति नै आवश्यकता पर्दछ । शिक्षा मानव जीवनको अभिन्न अंग, पक्ष हो । शिक्षाको अभावमा मानव जीवन अपुरो मात्र हैन अत्यन्तै कष्टका र निराशाजनक पनि छ । समाजमा व्यक्तिलाई जीउनका लागि समाजसंग परिचित हुनका लागि प्रगती र विकास गर्नका लागि शिक्षा अनिवार्य छ । शिक्षाले मावन विकासका चौतर्फी सम्भावनाहरु खोज्न सक्छ । मानिसको सामाजिक, आर्थिक विकास शिक्षा विना अपूर्ण छ । समाजको विकासलाई अघि बढाउने सूचकको रुपमा शिक्षालाई लिइएको छ । (पौडेल,२०५०)

समाजशास्त्रीहरुले शिक्षालाई विभिन्न प्रकारले व्याख्या र विश्लेषण गरेको पाइन्छ । प्रकार्यवादीहरुले शैक्षिक संस्थालाई सामाजिक एकाइको रुपमा लिने गर्दछन् । जसबाट समाज अगाडी बढ्न सहयोग मिल्दछ । शिक्षाले सामाजिक अस्थिरताको अन्त्य गरी समाजमा रहेको द्वन्द्व कम गर्न सहयोग गर्दछ । इमाइल दुर्खिम (१८५८ - १९१७) का अनुसार शिक्षा समाजको एउटा एकाई हो, जसको कार्य भनेको समाजमा मूल्य र मान्यताहरुको परिवर्तन गर्नु हो । उनको अनुसार बच्चाले विद्यालयको नियमलाई आधार गरेर अन्य सामान्य नियमहरुलाई आदर गर्न सिक्दछ त्यसले गर्दा उसमा आत्म नियन्त्रण गर्न सक्ने बानीको विकास गर्दछ । किनभने उसले आफैलाई नियन्त्रण गर्नु पर्दछ । त्यसैगरी, पार्सन्स (१९०२-१९७९) का अनुसार शिक्षा

भनेको व्यक्तिको क्षमताको अभिन्न अंग हो, जुन व्यक्तिलाई सामाजिकीकरण गराउने दोश्रो अभिकर्ताका रुपमा रहेको हुन्छ । जसले परिवार र समाजवीच मध्यस्थकर्ताको रुपमा काम गरेको छ । शिक्षाले व्यक्तिमा प्रतिस्पर्धा, समानता र व्यक्तित्वको अनुभव गराउँछ । व्यक्तिको क्षमता र दक्षताको आधारमा नै उसले भविष्यमा उपलब्धि हासिल गर्दछ । कार्ल मार्क्स (१८१८-१८८३) का अनुसार शिक्षा भनेको मध्यम वर्गहरुको मूल्य र मान्यतालाई सिकाउनु हो जुन शासक वर्गको लागि मात्र दिइन्थ्यो । मार्क्सवादीहरु शैक्षिक संस्थालाई वैचारिक विभेद गर्ने एउटा संस्थाको रुपमा लिने गर्दछन् । (UNESCO, 2001) हिन्दू वर्णाश्रम व्यवस्थाको प्रभाव रहेको नेपाल राज्यको शासन व्यवस्थामा शिक्षा सधैं विशेषाधिकारका रुपमा रहन गयो । विशेष जात र वर्गको विशेधाधिकारको रुपमा रहेको शिक्षा प्राप्ति गर्ने अधिकारबाट अन्य तल्लो जाति र जनजातिहरु शिक्षा प्राप्त गर्ने अधिकारबाट वञ्चित रहन पुगे ।

शिक्षा सामाजिक सांस्कृतिक रुपमा निर्माण हुने गर्दछ । कुनै पनि व्यक्तिको शिक्षा कस्तो हुने भन्ने कुरा उक्त व्यक्तिको समाज र संस्कृतिले निर्धारण गर्ने गर्दछ । यो अध्ययन विशेषत झापा जिल्लाको दमक नगरपालिका वडा न. ०२ का धिमाल समुदायका मानिसहरुले शिक्षालाई कसरी बुझेका रहेछन् । उनीहरुको विद्यालयमा सहभागिता कस्तो रहेछ । उच्च शिक्षामा धिमालको पहुँचको स्थिति र त्यसमा प्रभाव पार्ने तत्व आदिका बारेमा अध्ययन गरिनेछ ।

### **१.२. समस्याको कथन**

परापूर्वकालदेखि नै धिमाल जातिको उपस्थिति रहेता पनि यिनीहरुको सामाजिक, आर्थिक रुपमा सुधार आउन सकेको छैन । त्यसैगरी शिक्षामा पनि धिमाल जातिलाई भेदभाव गर्ने गरेको पाइन्छ । शिक्षा जीवनको अभिन्न अंग हो । शिक्षा पाउनु सवै मानव जातिको नैसर्गिक अधिकार हो । सवैका लागि शिक्षा आजको आवश्यकता हो । त्यसैले अनिवार्य रुपमा सवैलाई शिक्षा प्रदान गर्नुपर्ने हो तर नेपालका हरेक जातिमा एकै प्रकारको शिक्षाको प्रसारण हुन सकेको छैन । त्यसमध्ये पनि धिमाल जातीहरुको शिक्षामा सहभागिता अत्यन्तै न्यून रहेको छ । आजको युगमा शिक्षाको विकास भन्नाले खाली विद्यालय भर्ना हुनु मात्र नभई एउटा विशिष्ट उद्देश्य परिपूर्ति गर्नु हो र शिक्षा विना परिलक्षित उद्देश्यहरु पुरा हुन सम्भव छैन तर धिमालहरु युगौ देखि शिक्षाबाट बन्चित भए अहिले पनि गरिवी, अचेतनाको कारणले गर्दा धिमालहरुका ज्यादै थोरै केटाकेटी मात्र विद्यालय जान थालेका छन् र एकदमै नगन्य मात्र उच्च शिक्षा हासिल गरेका छन् । यिनीहरुको अत्याधिक ठूलो संख्या विद्यालय देखि बाहिर रहेको छ । ( धिमाल, २०६८)

सबैका लागि शिक्षा सन् २००४ देखि २००९ को प्रमुख दस्तावेज शिक्षाको सन् २०१५ सम्मको लागि निर्माण गरिएको राष्ट्रिय योजना कार्य योजनामा आधारित दशौं पञ्चवर्षीय

रणनीति कार्यक्रमले प्राथमिक शिक्षाको पहुँच तथा समानता सुनिश्चित गर्ने प्राथमिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता वृद्धि गर्ने कार्य क्षमता तथा संस्थागत क्षमताको सुधार गर्ने इत्यादि जस्ता उद्देश्यहरु रहेका छन् । राष्ट्रिय योजना आयोगको प्रतिवेदन, २०५५ ले भाषाका कारण विद्यालय पहुँच तथा पतनंदरलाई न्यूनीकरण गर्नका लागि नीति अवलम्बन गरेको छ । विभिन्न दातृ संघ, संस्थाहरु, गैरसरकारी संघसंस्थाहरु तथा स्वयम् नेपाल सरकारले पनि प्राथमिक शिक्षाबाट बन्चित बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्ने, विद्यालय बिचैमा छाड्ने प्रवृत्तिको अन्त्य गर्ने तथा अन्य तहहरुमा समेत छात्राहरुको सहभागिता बृद्धि गरि विद्यालयमा अध्ययनरत छात्र छात्राहरुको सहभागिता उपलव्धि स्तर बढाउन भरपुर प्रयास भई रहेका छन् । धिमाल र पिछडिएको समुदायको शिक्षा अभिवृद्धि गर्ने एवं जीवन स्तर उकास्ने प्रयासहरु पनि जारी रहेको छ । राष्ट्रले यस्तो उपयोगी कार्यक्रम संचालन गर्दा समेत धिमाल बालबालिकाहरुले तह पुरा नगरी विचैमा विद्यालय किन छोडी रहेका छन् ? यसका कारणहरु के के हुन सक्छन् ? जस्ता प्रश्नहरुको उत्तर खोज्नु आजको आवश्यकता रहेको छ ।

नेपालमा विदेशी तथा स्वेदेशी समाज शास्त्रीहरुले धिमाल जातिको अध्ययन धेरै पहिलै देखि गरेको पाइन्छ । समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनहरुमा धिमाल जातिको सामाजिक तथा साँस्कृतिक पक्षहरुको बारेमा विस्तृत रुपमा अध्ययन गरेको देखिन्छ । तर शिक्षा, शैक्षिक अवस्थाको धारणबारे अध्ययन अनुसन्धान गरेको पाँइदैन । शिक्षालाई सामाजिक संस्थाको महत्वपूर्ण संस्थाको रुपमा लिइन्छ तर अहिले सम्मको अनुसन्धानमा शिक्षालाई मुख्य विषय बनाएर अध्ययन गरेको पाइदैन । त्यसैले यस अनुसन्धानमा धिमाल जातिको शिक्षालाई केन्द्रबिन्दु बनाउदै त्यसको सामाजिक तथा सांस्कृतिक पक्षहरुको बारेमा अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

१) धिमालहरुको शैक्षिक अवस्था कस्तो छ ?
२) धिमाल बालबालिकाले आफ्नो औपचारिक शिक्षा पुरा गर्छन वा गर्दैनन् यदि गर्दैनन् भने किन ?
३) धिमालहरुको शिक्षाप्रतिको धारणा कस्तो छ ?

### १.३. अध्ययनको उद्देश्य

यस अध्ययन झापा जिल्ला दमक नगरपालिका वडा नं. ०२ मा बसोवास गर्ने धिमालहरुको शैक्षिक अवस्थाका बारेमा अध्ययन गरिनु रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्न रहेका छन् :-

- धिमालहरुको शैक्षिक स्थिति पत्ता लगाउनु ।
- धिमाल समुदायको शिक्षाप्रतिको धारणा विश्लेषण गर्नु ।
- शैक्षिक निरन्तरता र छोड्नुका कारणहरु खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

यो अनुसन्धान दमक नगरपालिका वडा नं. ०२ का धिमाल जातिको शिक्षाको अवस्थालाई वर्ग संघर्ष र लैङ्गिक सैद्धान्तिक दृष्टिकोणबाट हेर्ने प्रयास गरिएको छ । त्यसैले यो अनुसन्धान सैद्धान्तिक र अनुसन्धानात्मक पद्धति दुवै दृष्टिकोणबाट आफैमा महत्वपूर्ण छ ।

धिमाल जातिको शिक्षामा सामाजिक सांस्कृतिक मूल्य मान्यताहरुले र लैङ्गिक विभेदले कस्तो प्रभाव पारेको छ । यसैगरी धिमाल समुदायले शिक्षालाई कसरी बुझेका रहेछन् भन्ने कुरालाई अध्ययन गरिएको छ । धिमाल समुदायको शिक्षालाई परिवार, विवाह, आर्थिक संस्था, मूल्य मान्यता, आदिले कस्तो प्रभाव पारेको रहेछ भन्ने बारेमा जानकारी हासिल गर्ने प्रयास गरिएको छ । त्यसैले शिक्षा र सामाजिक सांस्कृतिक पक्षहरु बीचको सम्बन्धलाई बुझ्न र अध्ययन गर्न खोज्नेका लागि यो एउटा महत्वपूर्ण श्रोत हुन सक्छ । त्यस्तै गरी यस अध्ययनमा शिक्षाले हेर्ने समाजशास्त्रिय दृष्टिकोण र धिमाल जातिको शैक्षिक स्थितिको यथार्थ विश्लेषणको आनुभविक तथ्यहरुको जानकारी गरिएको छ । त्यसका साथै धिमाल जातिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका लागि पनि यो अध्ययन महत्वपूर्ण हुन सक्दछ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनको अध्याय एकमा पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र संगठन समावेश गरिएका छन् । त्यसैगरी अध्याय दुईमा अध्ययनको शिर्षक संग सम्बन्धित सैद्धान्तिक खोजमूलक अनुभव जन्य सम्बन्धित साहित्यको अध्ययनलाई पुनरावलोकन गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा र तथ्याङ्क संकलन विधिहरु, तथ्याङ्कको प्रस्तुतिकरण एवं विश्लेषण र अध्ययनका सीमा समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्र र धिमाल जातिको सामान्य परिचय, शिक्षण संस्थाको विवरण, लिङ्ग र उमेरका आधारमा अध्ययन क्षेत्रका धिमाल जनसंख्या, शैक्षिक अवस्था, पेशागत अवस्था समावेश गरिएको छ । अध्याय पाँचमा तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण समावेश गरिएको छ । त्यसैगरी अध्यायन छ मा सारांश र निष्कर्ष समावेश गरी अध्ययन कार्यलाई पूर्णता प्रदान गरिएको छ ।

## अध्याय - दुई
## सन्दर्भ साहित्यको समीक्षा

मानव सभ्यताको विकास जुन बेलादेखि भयो त्यसबेला देखि शिक्षाको पनि प्रारम्भ भएको पाइन्छ । शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमका रुपमा लिइएको छ । त्यसकारण शिक्षा भनेको कुनै पनि रुपमा ज्ञान प्राप्त गर्नु हो । मानव जीवनको जुनसुकै पक्षमा होस् उसले ज्ञान प्राप्त गर्दछ । तसर्थ शिक्षा भनेको पशुतुल्य मानिसलाई संसारकै सर्वश्रेष्ठ व्यक्तिका रुपमा स्थापित गराउने साधन हो । शिक्षालाई मानिसले विभिन्न दृष्टिकोणले हेरेको पाइन्छ । जस्तैः आर्थिक दृष्टिकोणले हेर्दा यसलाई आर्थिक दक्षता बढाउने साधनका रुपमा लिन सकिन्छ । सामाजिक दृष्टिमा समाजलाई अघि बढाउन प्रयोग गर्ने साधनका रुपमा । त्यस्तै दार्शनिक दृष्टिमा मानविय चिन्तन र सत्यको खोजीका रुपमा लिन सकिन्छ । आखिर शिक्षालाई जुनजुन दृष्टिकोणबाट हेरे पनि यो मानवजीवनको अति आवश्यक मानवलाई सभ्य बनाउने एक चलायमान साधन जुन निरन्तर र जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । (आचार्य, २०६७)

शिक्षा भनेको ज्ञान आर्जन गर्नु, तथ्यहरु जम्मा गर्नु र समन्वय गर्नुमात्रै होइन जीवनको महत्वलाई समग्रतासाथ हेर्नु पनि हो । तर समग्रतामा खण्डबाट पुग्न सकिन्छ जुन सरकारहरु, सङ्गठित धर्महरु र सत्तावादी दलहरुले गर्न खोजिरहेका छन् । शिक्षाको कार्य यस्तो मानव तयार गर्नु हो जो पूर्ण र प्रज्ञावान होस् । प्रज्ञावान नभइकन पनि हामी उपाधिहरु हासिल गर्न सक्छौं र यान्त्रिक तरिकाले कार्यकुशल हुन सक्छौं । जसले केही अध्ययन गरेको छैन ऊ विद्वानभन्दा प्राज्ञिक हुन सक्छ । हामीले परीक्षा र उपाधिहरुलाई प्रज्ञाको मापदण्ड बनाएका छौ र मूलभूत मानवीय मामिलाहरुलाई उपेक्षा गर्ने धूर्त मनहरु विकास गरेका छौ । प्रज्ञा भनेको सारभूतलाई ठम्याउने सामर्थ्य हो जे छ त्यसको सामर्थ्यलाई आफैभित्र र अरुमा समेत जगाउनु शिक्षा हो । यो राष्ट्रिय र सामाजिक तगाराहरुलाई महत्व दिनुको साटो भत्काउन मद्दत गर्ने हुनुपर्दछ । किनकि त्यसले मानिस -मानिस बिच शत्रुता उत्पन्न गर्दछ । (कृष्णमूर्ति, २०६९)

सामाजिक परिवर्तन कसरी हुन्छ भन्ने कुरा पूर्वअनुमान लगाउन र झट्ट भन्न पनि सकिंदैन । सामाजिक परिवर्तन योजनाबद्ध विकास र सुधारात्मक कार्यक्रमको कार्यान्वयनबाट हुन्छ भने क्रान्तिबाट पनि परिवर्तन हुन्छ । मानव समाज गतिशिल छ । यो समय र परिस्थिति अनुसार परिवर्तन भइरहेको छ । साथै सामाजिक अन्तरक्रिया वा सङ्गठनहरुमा सामाजिक परिवर्तन हुन्छ । नेपाली समाजमा जाति, धर्म, अर्थतन्त्र र पेशा आदिको कारणले गर्दा सामाजिक विभेद रहेको पाइन्छ । यसमा झापा जिल्लाको दमक नगरपालिका वडा नं. २ मा बसोबास गर्ने धिमालहरुको शैक्षिक अवस्थामा जानकारी लिई यस विषयमा अध्ययन गरिन्छ । किनभने शिक्षा पनि समाज परिवर्तनको बाहक हो भन्न सकिन्छ । शिक्षा एउटा सामाजिक एकाई हो । जसले समाजलाई परिवर्तन गरी नयाँ रुप दिन सक्दछ ।

विश्वव्यापी रुपमा शिक्षाको उन्नतीका लागि सन् २००० देखि यता गरेको प्रयासहरु प्रत्येक बाल बालिका विद्यालय जाने सुनिश्चितताका पर्याय जस्तै भएका छन् । सवैका लागि शिक्षा (र सहश्राब्दी विकास लक्ष्य ) ले तोकेको प्राथमिक शिक्षामा सर्वव्यापी पहुँचको लक्ष्य विशेष गरी गरीब मुलुकहरुमा लागु भयो अन्य देशहरुले यसको सान्दर्भिकता कम देखे । सर्वव्यापी प्राथमिक शिक्षामा बढी केन्द्रित हुँदा अन्य महत्वपूर्ण पक्षहरु जस्तै शिक्षामा गुणस्तरीय प्रारम्भिक बाल हेरचाह शिक्षा प्रौढ साक्षरतामा ध्यान कम पुग्न गयो । सवैका लागि शिक्षाका अन्य महत्वकांक्षी लक्ष्यहरुको त कुरै छाडौं सर्वव्यापी प्राथमिक शिक्षाको लक्ष्य पनि हासिल हुन सकेन र सवैभन्दा बढी पिछडिएकाहरु सवैभन्दा कम लाभान्वित हुनेक्रम जारी रह्यो । यति हुँदाहुँदै पनि केही उपलव्धी भएका छन् तिनको अवमुल्यन गर्नु हुदैन । ९० को दशकको गतिमा विश्वको प्रगति सन् २०१५ मा जहाँ पुग्ने थियो अहिले त्यहाँभन्दा अघि पुगेको छ । शैक्षिक प्रगतिको अनुगमनमा पनि डकार सम्मेलन पछि धेरै सुधार र विस्तार भएका छन् । साझेदार राष्ट्रहरुले सामुहिक प्रतिवद्धता पुरा गर्न नसके पनि सवैका लागि शिक्षा अभियानले अलिकति भएतापनि सफलता हासिल गरेको मान्न सकिन्छ । विगत १५ वर्षको अवधिले एउटा नयाँ पाठ सिकाएको छ त्यो के हो भने समस्याको प्राविधिक रुपमा सामधान गर्ने काम महत्वपूर्ण भएता पनि राजनीतिक प्रभाव र हस्तक्षेपले त्यो भन्दा बढी महत्व राख्ने राष्ट्रिय स्तरमा सवैका लागि शिक्षाको लक्ष्यहरु हासिल गर्ने आवश्यक पर्ने कार्यक्रम र तिनको प्रगतिको प्रत्याभूति गर्ने यी दुई तत्वको अति आवश्यकता हुन्छ । (युनेस्को, सन् २०१५ )

प्रचलित शिक्षा नीति तथा नियमहरुले सामान्य अवस्था रहेसम्म कार्य गर्दछन् । द्वन्द र दैविप्रकोप जस्ता असमान्य घटनाबाट उत्पन्न समस्याहरु समाधान गर्न सामान्य अवस्था बिचार गरी निर्माण गरिएको नीति नियमले सम्बोधन गर्न सक्दैनन् । अत असामान्य अवस्था उत्पन्न हुने शैक्षिक समस्याहरुको समाधानका लागि आवश्यक नीति निर्माण गर्नु आवश्यक छ । विद्यालय स्थानान्तरण र गाभ्ने कार्यलाई सक्रिय बनाउने । बालबालिका विस्थापित भई अन्यत्र गएमा छाडेका विद्यालयमा विद्यार्थी नहुन सक्छन् भए पनि थोरै हुन सक्छन् । यस्तो अवस्थामा सो विद्यालय बन्द गर्नु पर्ने होला । विस्थापित हुने समस्या द्वन्दबाट मात्र नभई भूकम्प, बाढी, पहिरो, आगो लागि जस्ता दैवि प्रकोपका घटनाहरुबाट पनि उत्पन्न हुन सक्छ । द्वन्दबाट प्रभावित बालबालिका, युवा तथा महिलाहरुका शैक्षिक, सामाजिक, व्यक्तिगत समस्याहरु तुरुन्त सम्बोधन गर्नुपर्ने हुँदा व्यवस्थापनको अभिभारा स्थानीय निकायलाई दिनु पर्दछ । त्यसैले स्थानीय निकायको प्रभावकारी संलग्नता सुनिश्चित गरिनु पनि जरुरी छ । युवा तथा एकल र घरमुली महिलाहरुको आय उर्पाजनका लागि सिपमुलक तालिम प्रदान गर्न सरकारी क्षेत्रको योगदान थोरै हुन सक्ला । यस्ता कार्यका लागि गैरसरकारी र नीजी संस्थाहरुलाई आर्कषित गर्न संवाद, समन्वय जस्ता कार्यको थालनी हुनुपर्ने देखिन्छ । यसै सर्न्दभमा सामुदायिक अध्ययन केन्द्रलाई पनि परिचालन गर्न सकिन्छ । (उपाध्याय, २०६४)

विकासको मेरुदण्डको रुपमा रहेको शिक्षा क्षेत्रमा आवश्यक लगानी गरी बदलिदो परिस्थिति अनुकुल राष्ट्र विकासमा सक्रिय योगदान गर्न सक्ने मानव संशोधन तयार गर्नु मुलुकको प्रमुख दायित्व हो । यही विषयलाई मनन गरी शिक्षा मन्त्रालय र मातहतका निकायहरु मार्फत शिक्षामा समतामुलक पहुँच विस्तार, गुणस्तर सुधार तथा सक्षमता वृद्धि जस्ता विभिन्न कार्यक्रमहरु संचालन हुँदै आएका छन् । यसै शिलशिलामा पूर्वप्राथमिक शिक्षा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा सँग सम्बन्धीत विविध कार्यक्रमहरु मार्फत शिक्षाको आधार मजवुत बनाउने तर्फ विशेष जोड दिएको छ । साथै उच्च शिक्षा तथा प्राविधिक शिक्षाको विकासका लागि विभिन्न विश्व विद्यालयहरु तथा प्राविधिक शिक्षालयहरु मार्फत देशमा आवश्यक मध्यम स्तरीय तथा उच्च स्तरीय जनशक्ति उत्पादनका विभिन्न कार्यक्रमहरु समेच संचालन भई आएका छन् । विद्यालय शिक्षा र तत्सम्बन्धी समग्र व्यवस्थापनका कार्यक्रमहरुको कार्यान्वयन शिक्षा विभाग मार्फत ५ क्षेत्रीय शिक्षा निर्देशनालयहरु, जिल्ला स्तर ६५ जिल्ला शिक्षा कार्यालयहरु र स्थानीय तहमा जिल्ला भन्दा तल्लो एकाइका रुपमा १ हजार ५३ श्रोत केन्द्रहरुबाट हुँदै आएको छ । यसैगरी, शिक्षा क्षेत्रका विशिष्टकृत कार्यहरु जस्तैः पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासका कार्यहरु, पाठ्यक्रम विकास केन्द्र, विद्यालय तथा शैक्षिक व्यवस्थापनमा संलग्न जनशक्तिको मानव संसाधन विकास सम्बन्धी कार्यहरु शैक्षिक जनशक्ति विकास केन्द्र, विद्यालय शिक्षाका शिक्षक व्यवस्थापनका कार्य शिक्षा सेवा आयोग, परिक्षा तथा मुल्याङ्कन सम्बन्धी कार्य परिक्षा नियन्त्रण कार्यालय, अनौपचारिक शिक्षाका कार्यहरु- अनौपचारिक शिक्षा केन्द्र, प्राविधिक तथा व्यवसायीक शिक्षा सम्बन्ध कार्यहरु - उच्च माध्यमिक शिक्षा परिषद, उच्च शिक्षाको समग्र व्यवस्थापन, नीति तर्जुमा तथा कार्यक्रम कार्यान्वयन विश्व विद्यालय अनुदान आयोग मार्फत विभिन्न विश्व विद्यालयहरुबाट सम्पादन हुँदै आएका छन् । शिक्षा क्षेत्रमा उल्लेखित विभिन्न तहमा कार्य सम्पादन एवं व्यवस्थापनका लागि आवश्यक मार्ग निर्देशन विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाको आधारमा गर्ने गरिएको छ । (आर्थिक सर्भेक्षण, २०७०/०७१)

शिक्षाको राष्ट्रिय उद्देश्य नै व्यक्ति समाज र राष्ट्रको भविष्य निर्माण गर्नु हो । आजको २१ औं शताव्दीमा व्यक्तिलाई प्रदान गरिने शिक्षा उसको भविष्यका लागि फलदायी हुनु पर्दछ । आजको शिक्षाले प्रत्येक व्यक्तिमा अर्न्तनिहीत प्रतिभा र व्यत्तिगत विकासको सम्भावनालाई प्रस्फुटित गराउन सक्नुपर्दछ । व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ पार्नुपर्दछ । समाज आधुनिकिकरणमा सहयोग गरी देश विकासका निमित मानव साधनको विकास गर्न सक्नुपर्दछ । व्यक्तिको सामाजिकिकरणमा सहयोग गर्दै समाजिक एकतालाई सुदृढ पार्नुपर्दछ । समाज आधुनिकिकरणमा सहयोग गरी देश विकासका निमित मानव साधनको विकास गर्न सक्नुपर्दछ । सामाजिक रुपले पछि परेका व्यक्तिहरुलाई राष्ट्रिय मुलधारमा समाहित गर्न सहयोग गर्नु पर्दछ । तब मात्र नेपाल जस्तो मुलुकको उन्नति र प्रगति सम्भव हुन्छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०५५) ले शिक्षाको माध्यमबाट नैतिक चरित्र र

सदगुणको विकास गर्ने, श्रमप्रति आस्था र स्वावलम्बन भावना जगाउने । सिर्जनात्मक प्रवृत्ति तथा सेवाभावको विकास गर्ने, सहअस्तित्व र सदभावको विकास गराउने आदि कुराहरुमा जोड दिएको छ । आज पनि ग्रामीण विकासको लागि शिक्षा उपयोग गर्नमा उपरोक्त कुराहरुको अभाव खड्किएको छ । त्यसैले सवैको ध्यान ग्रामीण शिक्षाको विकासमा केन्द्रित हुनु पर्दछ । ( देवकोटा, २०६४)

खुला तथा बैकल्पिक शिक्षा प्रणाली आजको आवश्यकता हो । समयको माग हो एक्काईसौ शताव्दी सुचना प्राविधिको युग हो । त्यसकारण शिक्षण सिकाई प्रक्रियामा सुचना र प्रविधिको पर्याप्त प्रयोग हुनुपर्दछ । सुचना प्राविधिको प्रयोग सँगै विद्यार्थीलाई विद्यालयमा जम्मा गरेर शिक्षा प्रदान गर्नुभन्दा प्राविधिक पहुँच विस्तार गरी विद्यार्थीको घरघरमा पुऱ्याउनु पर्ने अवस्था सिर्जना भएको छ । सवैका लागि शिक्षा कार्यक्रमको लक्ष्य नियमित संरचनाका शिक्षण संस्थाहरुबाट मात्र सम्भव देखिदैन । यस्तो अवस्थामा खुल्ला तथा बैकल्पिक प्रकृतिका शिक्षण संस्थाको आवश्यकता टड्कारो रुपमा खड्किएको देखिन्छ । त्यसैले हाम्रो देशमा एकै प्रकृतिका खुल्ला तथा बैकल्पिक शिक्षा कार्यक्रम सन्चालन गर्ने शिक्षालयहरुलाई एकै निकायबाट संचालन गरी संस्थागत र कार्यक्रमगत रुपमा सुदृढीकरण गर्नुपर्ने देखिन्छ । यसको थालनी गर्न विद्यमान अवस्थामा कायम रहेका ऐन, नीति, नियम निर्देशिकालाई तत्काल परिमार्जन गरी कार्य प्रारम्भ गर्नुपर्ने देखिन्छ । (गुरागाई, २०६९)

प्राज्ञिक एवंम व्यवसायिक/प्राविधिक रुपबाट शैक्षिक स्तर उच्च भएका जनशक्ति उत्पादन भई निरन्तर शिक्षाप्रति संलग्न हुने कार्यले अपेक्षित गति लिन सकेन र बर्षेनि विद्यालय शिक्षा अनुतिर्ण हुनेको संख्या उच्च रहयो । फलस्वरुप व्यवसायिक/प्राविधिक शिक्षा पनि बढी प्राज्ञिक हुन पुग्यो । उत्पादित जनशक्तिलो रोजगारका क्षेत्रमा प्रवेश पाउन सकेनन् । स्वरोजगार बन्न सकेनन र विदेशिने क्रम बढिरहयो । वर्तमान पाठ्यक्रमले व्यवसायिक शिक्षाको अंश समेट्न सकेन र रोजगार दाताले पनि त्यसतर्फ ध्यान दिन सकेनन् । त्यसैले बर्सेनि लाखौको संख्यामा श्रमशक्ति विदेशिने क्रम जारी रह्यो । त्यसकारण व्यवसायिक शिक्षा आजको आवश्यकता बन्न पुग्यो । विद्यमान बेरोजगारीको अन्त्य गर्न, शिक्षालाई काम सँग आवद्ध गराउन, देशलाई चाहिने आधारभूत, मध्यम र उच्च स्तरीय जनशक्ति तयार गर्न विश्व बजारमा सम्मानजन रोजगार प्राप्त गर्न सक्ने जनशक्ति उत्पादन गर्न स्वावलम्बन एव्म आत्मनिर्भर हुन व्यवसायिक शिक्षा आजको आवश्यकता हो । बर्षेनी श्रम बजारमा प्रवेश गर्ने चार लाख व्यक्तिलाई शीपयुक्त बनाउन विपन्न वर्गका युवालाई दक्ष बनाई कामको संसारसँग आवद्ध गराउन र रोजगारीको सुनिश्चितता दिलाउन व्यवसायिक शिक्षा आवश्यक भइसकेको छ । (गौतम, २०६८ )

सबै क्षेत्र, वर्ग, जात, लिङ्ग, धर्म, संस्कृति, अपाङ्ग, सपाङ्ग आदि सवैको पहुँच पुग्ने, अनुकुल हुने सिकाई अवसर प्राप्त हुने शिक्षा समावेशी शिक्षा भन्ने बुझिन्छ । यसलाई समाहित, सम्मिलन, समवेत, सामेली आदि विभिन्न नामबाट पनि चिनिन्छ । विशेष गरेर राष्ट्रले समावेशी शिक्षासँग सम्बन्धित समुहको पहिचान गरेर उनीहरुलाई अनुकुल हुने शिक्षा दिनु जरुरी छ । हाम्रो देशमा लामो समयसम्म केन्द्रिकृत शासन प्रणालीबाट विभेदकारी नीति अपनाएकाले लोकतन्त्र प्राप्ति पछि यस्तो नीति अन्त्य गरी शिक्षा क्षेत्रमा समेत समावेशी नीति अवलम्वन गर्ने प्रयास गरिएको छ । शिक्षा क्षेत्रलाई समावेशी बनाउन पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासमा समेत ध्यान दिनुपर्दछ । पाठ्यक्रम पाठ्यपुस्तक सवैका लागि उपयोगी र अनुकुल हुने गरी बनाइनुपर्दछ । पाठ्यक्रम तथा पाठ्यपुस्तकमा दिइने विषयवस्तुहरु देशको सवै वर्ग, लिङ्ग, क्षेत्र, जात, धर्म, संस्कृति आदि समानुपातिक रुपमा समावेश गरिनु पर्दछ । यहाँ प्रयोग गरिने शव्द, विषयवस्तुले कसैलाई मानसिक चोट पुऱ्याउनु हुदैन । पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समावेशी बनाउन यसको विकासका विभिन्न चरणहरुमा महिला, आदिवासी, जनजाति, दलित, मधेशी र अन्य अल्पसंख्यकहरु समेत सहभागिता हुनु जरुरी छ । (राई, २०६४)

शिक्षामा समतामुलक पहुँच अभिवृद्धि गर्ने, उच्च शिक्षालाई सिपसँग आवद्ध गर्ने र प्राविधिक तथा बैज्ञानिक शिक्षाका अवसरहरु वृद्धि गर्दै लैजानु पर्ने सन्दर्भमा उच्च शिक्षालाई व्यवस्थित गर्दै लैजान सरकारका साथै निजि क्षेत्र, सहकारी, गुठी, स्थानीय निकाय एवंम् समुदायलाई समेत उत्तरदायी बनाइ समग्र शैक्षिक प्रक्रिया तथा कार्यक्रमहरुलाई प्रभावकारी, सान्दर्भिक र गुणस्तरिय बनाउनु पर्ने आवश्यकता छ । उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्नु हरेक उच्च शिक्षा प्रदायक संस्थाहरुको न्यूनतम दायित्व भित्र पर्दछ । शैक्षिक संस्थाहरु निश्चित मापदण्डमा गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने उत्कृष्ट प्राज्ञिक थलो हुने स्थापित मान्यता स्वरुप गुणस्तर सुनिश्चितता एवंम् प्रत्यायन (Quality Assurance and Accreditation - QAA) प्रणालीको थालनी भएको छ । उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्न र आधुनिक ज्ञान, सिप, कला, विज्ञान एवंम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रुपमा विकास र विस्तार गर्नु आवश्यक छ । नेपाल विश्व व्यापार संगठनको सदस्य भएपछि विदेशी उच्च शिक्षा प्रदायक संस्थाहरु तथा तिनका सम्बन्धमा उच्च शिक्षा संस्थापक खुल्ने क्रम बढेकोले यस तहको शैक्षिक व्यवस्थापन थप सुदृढ गर्नुपर्ने देखिन्छ । २०७१ सालसम्मको तथ्याङ्कअनुसार उच्च शिक्षा प्रदायकका रुपमा ९ ओटा विश्वविद्यालयहरु र ४ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु रहेका छन् । नेपालमा उच्च शिक्षाको विकास र विस्तारमा सरकार साथै समुदाय र निजी क्षेत्र समेतको लगानी र प्रयास रहेको छ । यसका लागि लागत आपुरण निजि क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागका आधारमा सञ्चालित कार्यक्रम र विश्व विद्यालयबाट आय श्रोतको परिचालन जस्ता नमूना विकास गर्नका लागि स्थानीय निकाय, समुदाय, निजी क्षेत्रहरुलाई पनि उच्च शिक्षा विकास साझेदारका रुपमा सहभागी हुने अवसर खुल्ला गरिएको छ । यसको परिणाम स्वरुप हाल उच्च शिक्षा प्रदान गर्ने

१२७६ क्याम्पसहरु मध्ये ९६ ओटा आंगिक क्याम्पसका रुपमा र ४२९ ओटा समुदायबाट संचालित छन् भने ७५१ ओटा निजी लगानीमा संचालित छन् । अहिले नेपालको उच्च शिक्षाको कूल भर्नादर १७.१ प्रतिशत पुगेको छ । संख्यात्मक रुपमा उच्च शिक्षा प्रदायक संस्थाहरुको विस्तार भएको देखिएता पनि उच्च शिक्षाको पहुच र अवसर समतामुलक बन्न सकेको छैन । (उच्च शिक्षा नीति, २०७२)

नेपालमा सवैका लागि शिक्षा सुलभ हुन नसकेका कारण न्यून साक्षरता रहेको र शिक्षामा हुने सरकारी लगानीको प्रतिफल सवै वर्गमा समान ढंगबाट पुग्न नसकेको कुरा उल्लेख छ । साथै शैक्षिक विकेन्द्रिकरणको प्रमुख उद्देश्य सेवाग्राहीको पहुँचमा बृद्धि गराउनु हो । विद्यालय नगएका लक्षित समूह जसभित्र आदिवासी, जनजातिका बालबालिकाहरु समेत पर्दछन् । तिनीहरुमा न्यायोचित र यथेष्ट शैक्षिक सेवा पुऱ्याउनु शैक्षिक विकेन्द्रिकरणको उद्देश्य हो भन्ने विचार उल्लेख गरेका छन् । (खनाल, २०६३)

सामाजिक, आर्थिक, भौगोलिक, शारिरीक तथा अन्य कारणबाट पछि परेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन राज्यको तर्फबाट प्रोत्साहन तथा छात्रबृत्तिको कार्यक्रमहरुको कार्यान्वयन अति आवश्यक हुन्छ । छात्रवृत्तिको व्यवस्था गर्नु एउटा पक्ष हो भने यसको प्रभावकारी व्यवस्थापन अर्को महत्वपूर्ण पक्ष हो । तसर्थ छात्रवृत्तिको उद्देश्यलाई प्राप्ति गर्न यसका नीतिगत, संरचनागत, प्रक्रिया जस्ता पक्षमा परिमार्जन र संशोधन आवश्यक देखिन्छ । छात्रवृत्तिको व्यवस्थापनमा सवैभन्दा जोड दिनुपर्ने विषयको रुपमा समन्वय पनि रहेको देखिन्छ । छात्रवृत्ति व्यवस्थापनमा कुन निकायको भूमिका के हुने र छात्रवृत्ति प्राप्त गर्नेले के जिम्मेवारी निर्वाह गर्ने भन्ने विषय पनि स्पष्ट रुपमा परिभाषित गर्नुपर्ने देखिन्छ । छात्रवृत्तिको रकमको अधिकतम सदुपयोगका लागि यसको अनुगमन संयन्त्र प्रभावकारी र चुस्त बनाउनु पर्ने हुन्छ । समयसमयमा अध्ययन अनुसन्धान गरी सोको प्राप्ति र नतिजाका आधारमा कार्यक्रममा सुधार र परिमार्जन गर्ने सकेमा कार्यक्रमलाई थप सान्दर्भिक र वस्तुनिष्ठ बनाउन सकिन्छ । ( लम्साल, २०६९)

शिक्षा क्षेत्रमा विगतमा भएका नीतिगत, कानुनी, संस्थागत, कार्यक्रमगत र मानवीय विकासका प्रयासहरुले शिक्षा क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएको छ । तीनवर्षे अन्तरिम योजनामा ६ वर्षमाथि र १५ वर्षमाथि उमेर समूहको साक्षरता दर क्रमशः ७६ र ६६ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा उक्त दर क्रमशः ६३.७ र ५५.६ पुगेको छ । पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्र समेतको सहजै देखिने भर्ना दर ५१ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा ६६.२ प्रतिशत पुगेको छ । कक्षा एकमा बाल विकासको अनुभव सहित भर्ना हुन आउने बालबालिकाको औषत दर करिब ४९.९ प्रतिशत पुगेको छ । प्राथमिक तह (कक्षा १-५) मा सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः १०४ र ९६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा

क्रमशः १४१.४ र ९३.७ प्रतिशत पुगेको छ। निम्न माध्यमिक तह (कक्षा ६-८) मा खुद भर्नादर ६३.२ प्रतिशत पुगेको छ । माध्यमिक तह (कक्षा ९-१०) को सहजै देखिने भर्नादर ४०.८ प्रतिशत पुगेको छ । उच्च शिक्षामा सहजै देखिने भर्नादर ७.५ प्रतिशत पुगेको छ । साथै प्राविधिक शिक्षा र व्यावसायिक तालिममा लक्षित समूहको पहुँचको बढेको छ र मध्यमस्तरीय जनशक्ति उत्पादनमा सकारात्मक प्रभाव पर्न गएको छ । मुलुकमा करिब एक तिहाई विद्यालयको व्यवस्थापनमा समुदायको सक्रिय सहभागिता रहदै आएको छ। करिब २१ लाख विद्यार्थीले वार्षिक रुपमा छात्रवृत्ति प्राप्त गरिरहेका छन् । प्रति विद्यार्थीमा आधारित लगानी नीतिअनुसार विद्यालयहरुलाई अनुदान प्रदान गरिदै आएको छ। शिक्षामा लगानी मैत्री वातावरण सिर्जना भएको छ । योजना अवधिमा २६,७७३ विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरु संचालनमा आएका छन् । पाठ्यक्रमलाई समायानुकुल सुधार गरिदैछ । मातृभाषा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितताका लागि विभिन्न मातृभाषामा कक्षा ५ सम्मका पाठ्यपुस्तक तथा पाठ्यसामाग्री विकास गरिएका छन् । कक्षा १-५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनका विविध क्रियाकलाप कार्यान्वयनमा ल्याइएका छन् । (त्रिवर्षीय योजना, २०६७।०६८ - २०६९।०७० )

नेपालको संविधान २०७२ भाग ३ को धारा (३१) मा शिक्षा सम्बन्धि हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ। दृष्टीविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वरवा वोलाई सम्बन्धि अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय र शैक्षिक संस्था खोल्न र संचालन गर्ने हक हुनेछ । त्यसैगरी नेपालको संविधान २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत नागरिक आधारभूत आवश्यकता सम्बन्धि नीति अवलम्वन गरिएको छ । जसमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक, सीपमूलक, रोजगारी मूलक जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको नीजि क्षेत्रको लगानी नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निशुल्क बनाउँदै लैजाने। नागरिकको व्यक्तित्व विकासको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने । ( नेपालको संविधान, २०७२)

शिक्षाले मानवको अन्तरनीहित प्रतिभाको प्रस्फुटन गरी शशक्तिकरण एवं दायित्व हासिल गर्ने सफल र प्रतिस्पर्धी जीवन जिउन मद्धत गर्नेछ । साक्षरता प्रतिशत र देश विकासको गति समानुपातिक हुन्छ । आजको तिव्र गतिमा विज्ञान र प्रविधिको विकास र विस्तार भै रहेको एक्काइसौं शताव्दीमा प्रतिस्पर्धी नागरिक उत्पादन गर्न खुल्ला तथा दुर शिक्षा बरदान हो । यसमा समय तथा विषयमा लचकता हुने भएकोले खुला तथा दुर शिक्षा विना भेदभाव सवैले सर्बशुलभ किसिमले शिक्षा अवसर पाउने समावेशीकरणको शशक्त विकल्प हो । त्यस कारण विविध कारणबाट शिक्षा हासिल गर्न विमुख भएका नागरिकलाई पुनः शिक्षामा मुलप्रवाहीकरण गरी पौरखी बनाउन खुला शिक्षा नीति शशक्त विकल्प हो । साधन श्रोत सम्पन्न खुल्ला शिक्षालाई प्रभावकारी रुपमा व्यवहारमा उतारी दिगोपन ल्याउन कम्तिमा पनि सरकार, समुदाय, संघ संस्था तथा सरोकारवाला बीचमा सहयोग सहकार्य, समन्वय, संचार र समिक्षा अपरीहार्य हुन्छ । (कार्की , २०७२)

वि.सं. २०४९ देखि उच्च माध्यमिक तहका कार्यक्रमहरु संचालनमा आए पनि उच्च माध्यमिक तहको शिक्षा विद्यालय शिक्षाको रुपमा संचालन भई व्यवस्थित हुन सकेको छैन । सरकारी नीति तथा कार्यनीति लगायत विज्ञहरुबीचका छलफल र सुझावहरुमा उच्च माध्यमिक तहको शिक्षालाई विद्यालय तहको शिक्षाका रुपमा एउटै व्यवस्थापनबाट संचालन गेर्न र यस तहको शिक्षामा सरकारी लगानी बढाउने भन्ने विषयमा निरन्तरता देखिए पनि कार्यान्वयनमा भने उच्च माध्यमिक तह अलग्गै निजी र सामुदायिक प्रयासमा मात्र सन्चालन भइरहेका छन् । संख्यात्मक हिसावले उच्च माध्यमिक शिक्षाको विस्तार राम्रो देखिए पनि आर्थिक, सामाजिक, भौगोलिक दृष्टिले पहुँच र सहभागितालाई समतामूलक बनाउन सकिएको छैन । उच्च माध्यमिक तहको शिक्षालाई व्यवस्थित गरी सवैका लागि सान्दर्भिक र गुणस्तरीय उच्च माध्यमिक शिक्षाको विकासको लागि विद्यालय शिक्षालाई कक्षा १-८ को आधारभूत र कक्षा ९-१२ को माध्यमिकमा पुर्न संरचना गर्नु मात्र पर्याप्य छैन । यसका लागि माध्यमिक तथा उच्च माध्यमिक विद्यालयलाई कक्षा १-१२ वा ९-१२ को माध्यमिक विद्यालयका रुपमा एकीकृत गरी संचालन गर्ने, नक्साङ्कनका आधारमा विद्यालयको स्थापना तथा पुर्नसंरचना गर्ने र सरकारी लगानी वृद्धि गरी सरकारी दायित्वमा विद्यालय संचालन गर्ने व्यवस्था गर्नु आवश्यक छ । त्यस्तै उच्च माध्यमिक तहको शिक्षा सहित समग्र विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाई विधि तथा प्रविधि र मूल्याङ्कन प्रक्रियामा सुधारको खाँचो देखिएको छ । समग्र शैक्षिक व्यवस्थापनमा सुधारका लागि संस्थागत पुर्नसंरचना सहित जिम्मेवारी र उत्तरदायित्वको स्पष्ट रेखाङ्कन गर्नु पनि उत्तिकै आवश्यक छ । (पौडेल, २०६९)

नेपालको विद्यालय शिक्षामा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सँगसँगै बालिका शिक्षालाई प्राथमिकता दिएको पाइन्छ । शिक्षा विभागमा छुट्टै शाखाको व्यवस्था गरेर नै अगाडी बढाएको छ । सरकारले सन् २००५ सम्ममा कक्षाकोठामा बालक र बालिकाको

संख्या बराबरी तुल्याउने घोषणा गऱ्यो । यो घोषणा गरेको समय पूरा हुँदा यो लक्ष्य पुरा हुन सकेन । सन् २००३ भित्र बालिकाहरु ५६.२ प्रतिशत भर्ना भएका छन् भने बालकहरु ६५.७ रहेको कुरा शिक्षा विभागद्वारा २००४ मा प्रकाशित शैक्षिक तथ्याङ्कमा उल्लेख गरिएको छ । धेरै सामुदायिक विद्यालयमा झण्डै बराबरीको संख्यामा बालबालिका देख्न समेत थालिएको छ । त्यसो हुनुमा छोरालाई निजी विद्यालयमा पठाउने र छोरीलाई सामुदायिक विद्यालयमा पठाएका कारण पनि यस्तो देखिने गरेको छ । ठूलो संख्यामा बालकहरु निजी विद्यालयमा जानु र बालिकाको संख्याको हाराहारीमा सामुदायिक विद्यालयमा बालकहरु रहनुले विद्यालयमा पुग्न नसकेका बालिकाको संख्या बस्तीहरुमा ठूलो रहेको अनुमान गर्न सकिन्छ । यो सन्दर्भ विद्यालय आउन नसक्नेहरुका हकमा हो । तर विद्यालय आएर पनि विद्यालय शिक्षा पुरा नगर्नेहरुको संख्या विद्यालय नआउने जतिकै रहेको छ । विद्यालय आइसकेका बालिकाहरु जसलाई विद्यालय शिक्षा पुरा गर्ने इच्छा हुँदाहुँदै पनि धेरै समस्या र अप्ठेराहरुले बीचमा नै छोड्न बाध्य हुने गरेका छन् । अभिभावकहरुको समान आयस्तर नहुनाले समान खालको विद्यालय पोशाक नहुनु, बालकहरु विद्यालयको परीक्षामा असफल भएर पनि सोही कक्षामा पढ्न तयार हुने तर बालिकाहरु लज्जा र हिनत्वबोधका कारण विद्यालय छाड्ने गरेका छन् । कतिपय ठाउँमा पर्याप्त विद्यालय छैनन् । विद्यालय भए पनि कक्षाकोठा र फर्निचरको अभाव छ । जसले गर्दा सुविधासाथ बसेर पढ्न नपाउँदा विद्यालय जान नसक्नेको संख्या ठूलो छ । विद्यालयमा शौचालयको पर्याप्त व्यवस्था नहुँदा विद्यालयमा भर्ना भएर पनि बालिकाहरु नियमित विद्यालय आउँदैनन् । सुरुमा अनियमित ढंगले आउने क्रममा विद्यालय नै छोड्ने वर्गमा पर्दछन् यी बालिकाहरु । यस्तो संख्या तराईमा धेरै छ । समाज र शिक्षक वर्गले बालिकाहरुलाई हेर्ने दृष्टिकोण बालिकाहरुले विद्यालय शिक्षा पुरा नगर्ने अर्को कारण हो । विद्यालय जाँदा सरदर ७, ८ वर्षकी हुने र १०, ११ वर्षकी बालिकालाई समाजमा रहेका वयस्कहरुले बाटोमा जिस्क्याउने, विद्यालय जाने बाटोमा पर्ने खोल्सा, जंगलमा असुरक्षित देखेर बालिकाहरुलाई विद्यालय छोडाउने अभिभावकको संख्या पनि कम छैन । त्यसको अलावा विद्यालयमा शिक्षकहरुले बालिकालाई गर्ने यौन जन्य दुर्व्यवहारका कारण पनि बालिकाहरु जानकारी नै नदिई विद्यालय छोड्ने गरेको कारण पनि उनीहरुको विद्यालय शिक्षा पुरा गर्दैनन् । दाजुभाई निजी विद्यालयमा र आफूहरुलाई सामुदायिक विद्यालयमा पठाएर भेदभाव गरेको अनुभव भएपछि कक्षाकोठामा शिक्षकले बालिकालाई यातना दिदा पनि फरक ढंगले दिइनु आदि कारण बालिकाले विद्यालय छोड्छन् । यस्तै बालिकाहरुलाई विद्यालय ल्याउन र टिकाइ राख्न छात्रवृत्ति दिने कार्यक्रम तय गरेको छ । तर यो शैक्षिक सत्रका लागि दिएको छात्रवृत्ति अर्को शैक्षिक सत्रमा पाउने भएका कारण प्रभावकारी बन्न सकिरहेको छैन । (खड्का, २०६१)

Karl Marx (१८१८-१८८३) लाई सामाजिक सिद्धान्तका महान दार्शनिक तथा समाजशास्त्रीका रुपमा लिइन्छ । उनका विचारमा सामाजिक असन्तुलनको प्रमुख कारण नै आर्थिक पक्ष हो । उनका विचारमा वर्ग संङ्घर्षले नै समाजका सम्पूर्ण पक्षहरुमा तथा समान

सामाजिक व्यवस्थाको स्वरुपमा परिवर्तन ल्याउने प्रमुख आधार हो र समाजमा परस्पर विरोधी वर्गहरुका विचमा आ-आफ्ना स्वार्थलाई लिएर सामाजिक सङ्घर्षको स्थिति उत्पन्न हुन्छ । जुनसुकै समाजमा प्रमुख रुपले दुईवटा वर्गहरु रहेका हुन्छन् । एउटा शोषक वर्ग र अर्को शोषित वर्ग । समाजको त्यो वर्ग जससँग उत्पादनका साधानहरु हुन्छन् त्यसलाई शोषक वर्ग र जससँग केवल शारीरिक श्रमबाहेक केही हुँदैन त्यसलाई शोषित वर्ग भनिन्छ । मार्क्स भन्दछन्, “आजसम्म भएको समाजको इतिहास भनेको वर्ग संङ्घर्षको इतिहास हो । एउटै शव्दमा भन्दा शोषक र शोषित सधैं एक अर्काको विरोधमा खुलेर त कहिले लुकेर निरन्तर युद्ध गरिरहेका हुन्छन् । यो नै समाजको सिद्धान्त हो ।” यस अन्तरगत शोषक र शोषित वर्गहरु बिच उत्पादनका साधन र उत्पादित वस्तुको असमान वितरण र स्वामित्वको सम्बन्धमा देखा पर्ने असमान तथा वर्गीय सामाजिक संरचनाका आधारमा सामाजिक द्वन्द्व स्थापित हुने गर्दछ ।

मार्क्सका विचारमा शिक्षा प्रणाली गुणत्मक छैन् । धनी नीजि विद्यालयहरुले लाभ उठाँउछन् । शिक्षा प्रणाली धनाढ्य शासक वर्गका हितमा निर्माण गरीएको हुन्छ । पूँजीपति कर्मचारीहरुको हितमा शिक्षाले प्रमुख रुपमा काम गर्दछ । शिक्षाले विद्यार्थीहरु बिचको असमानतालाई सुदृढ बनाउँछ । शिक्षाले कुशल कार्यकर्ता उत्पादन गरेर पूँजीपति आदेश दिन्छ । समाजको समस्या र सक्षमता रुपान्तरण गर्न शिक्षाले सक्दैन । यस सिद्धान्तले समाजमा तल्लो वर्ग पिछडिएको अर्थात् आदिवासी जनजातिलाई माथिल्लो वर्ग अर्थात उपल्ला जातिहरुले प्रभुत्व जमाई सामाजिक अवसरहरुबाट बञ्चित गर्ने र सो को परिणाम स्वरुप उनीहरु आर्थिक रुपले कमजोर भई विद्यालय शिक्षा जस्तो आधारभूत आवश्यकतामा समेत भेदभावपूर्ण व्यवहार रहन गएको छ ।

R.K. Merton (१९९९) को संरचनात्मक कार्यवाद सिद्धान्त सिङ्गो व्यवस्थासँग सम्बन्धित रही सम्बन्धित इकाईहरुले जे जस्तो सकारात्मक भूमिका सामाजिक व्यवस्थाभित्र यी संलग्न इकाईहरु आ-आफ्ना भूमिका निर्वाह गर्दा सामाजिक व्यवस्थामा सकारात्मक पर्दछ भन्ने मान्यता राखिए पनि सवै अवस्था र सन्दर्भमा त्यसको प्रभाव नकारात्मक पनि रहन्छ र यही सामाजिक व्यवस्थामा इकाईहरुको सकारात्मक तथा नकारात्मक प्रभाव र असर परिरहेको हुन्छ भन्ने कुराको सैद्धान्तिक अध्ययन नै संरचनात्मक प्रकार्यवादको सिद्धान्त हो । Merton का अनुसार समाजलाई एकिकृत गर्न एउटा संरचना वा प्रकार्यको निर्माण प्राचिन समयदेखि हुँदै आएको पाइन्छ । प्रकट प्रकार्य यस्ता प्रकार्य हुन जुन प्रणालीभित्रका सहभागीसँग परिचित र इच्छित हुन्छन् । तर लुप्त प्रकार्य न इच्छित हुन्छन् न त सहभागीसँग परिचित नै हुन्छन् । प्रकट प्रकार्यलाई प्रत्यक्षँ देख्न र अनुभव गर्न सकिन्छ तर लुप्त प्रकार्यलाई सकिँदैन । उनका विचारमा शिक्षा व्यक्ति र समाजका लागि सकारात्मक छ यो नै सामाजिक एकता, मूल्य एंवम मान्यता सिकाउने माध्यम हो । शिक्षाले साझा मान्यता र विश्वास भएको, विशिष्ट ज्ञान र सिप

भएका व्यक्तिहरुलाई सामाजिक रुपमा नियन्त्रण गर्दछ । त्यस्तै धिमाल पनि एउटा इकाई हो जसले समाजको पूर्ण संरचना पूरा गर्दछ । त्यस्तै शिक्षा पनि समाजको एउटा इकाई हो ।

शिक्षामा असमान सहभागिता र अवसरको इतिहास लामो समयदेखि चल्दै आइरहेको छ । प्रधानमन्त्री जंगबहादुरले निश्चित रुपमा आफ्ना परिवारका सदस्यहरुलाई अंग्रेजी बोल्न र लेख्न जान्ने बनाउन सन् १८५४ मा दरबार स्कूलको शुरुवात गरे । यस स्कूलमा पनि जनताका छोराछोरीको पहुँच थिएन । शासन व्यवस्थासँगै नजिक भएको राणाहरुको स्वीकृतिमा यस विद्यालयमा पढ्न पाउँथे । नेपालमा औपचारिक शिक्षाको विकास र विस्तार सन् १९५१ पछि केही हदसम्म भएपनि जनताका छोराछोरीहरुले शिक्षा ग्रहण गर्न पाए । सन् १९५० मा एक प्रतिशतको हाराहारीमा रहेको नेपालको साक्षरता दर सन् १९८० सम्म २३ प्रतिशत पुग्यो । तर पञ्चायत कालमा पनि शिक्षाको नाममा राज्यले निश्चित भाषा धर्म र संस्कृतिलाई मात्रै बढवा दिने काम गर्‍यो । जसले गर्दा गरिब जनतामा शिक्षाको पहुँच पुगेन । जुनकुरा नेपालको धिमाल समुदायबाट पनि प्रष्ट हुन्छ । (गुरुङ्ग, २००८)

मार्टिन चौतारीको अध्ययन अनुसार उच्च शिक्षा (स्नातक र स्नातकोत्तर) हतमा ६०.६ प्रतिशत विद्यार्थीहरु पुरुष र ३९.४ प्रतिशत महिला छन् । जातियताका आधारमा हेर्दा भर्ना दरका विद्यार्थीहरु मध्ये बाहुन - क्षेत्री ६८.४ प्रतिशत र नेवारको १२.३ प्रतिशत छ भने जनजातिको १२.७ प्रतिशत, मधेशिको ४ प्रतिशत, दलितको १.५ प्रतिशत तथा मुस्लिमको ०.२ प्रतिशत मात्र छ । यसलाई २००१ को जनगणना सँग दाँजेर हेर्दा बाहुन, क्षेत्री र नेवारहरुको उच्च प्रतिनिधित्व छ भने जनजाति, मधेशी, दलित र मुस्लिमहरुको अल्पसंख्यक प्रतिनिधि रहेको छ । (भट्ट, २०११)

नेपालमा अधिकांश जातजातिका बालबालिकाको मातृभाषा नेपाली होइन । त्यसैले जनजातिका बालबालिका स्कूल भर्ना हुँदा उनीहरुले स्कूल र नेपाली भाषा जस्तो दुईओटा नौला कुराहरुको एकैपटक सामना गर्नुपर्ने हुन्छ । (World Bank 2006) स्कूलमा नेपालीमा पढाएका पाठहरु बुझ्नको लागि सहयोग गर्न सक्ने स्थानीय भाषा बोल्न सक्ने शिक्षक समस्या आदिवासी जनजातिका सबै बालबालिकाका लागि हुन सक्छ । तर विश्व वैंकले दिएको यस्तो रिर्पोट धिमाल जातिमा भने लागू भएको देखिन्छ वा देखिदैन । अर्को शव्दमा भन्ने हो भने धिमाल बालबालिकाहरुको शिक्षण संस्थाहरुमा कम पहुँच हुनुमा के के कुरा उत्तरदायी छन् तिनलाई केलाउनु आफैमा महत्वपूर्ण देखिन्छ ।

परिवारको पेशागत अवस्था र सामाजिक, आर्थिक अवस्थाले पनि वालबालिकाको शिक्षा आर्जन र जीवन शैलीलाई निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । त्यसैगरी शिक्षामा असमान पहुँच हुनुमा लिङ्गले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । महिलाले गुणस्तरीय शिक्षा

लिनको लागि विभिन्न बाधा र विभेदको सामना गर्नुपर्ने हुन्छ । पुरुषहरुलाई उनीहरुको परिवारले शिक्षाको राम्रो अवसर दिएका हुन्छन् । केटाहरुलाई सहरका निजी विद्यालयमा पढ्नको लागि पठाइन्छ जबकी केटीलाई भने गाउँकै विद्यालयमा पढ्नको लागि पनि थोरै अवसर दिइएको हुन्छ । निश्चय नै केटालाई उच्च शिक्षा पढ्नको लागि उसको परिवारले विदेश पठाउने गर्दछन् । तर थोरै मात्र केटीहरुले यस्तो अवसर पाएका हुन्छन् । यस्तो हुनुको प्राथमिक कारणको पछाडी सामाजिक बाधाहरु जस्तैः घरपरिवारले केटीहरुलाई २० वर्ष वा उमेर नपुगी विवाह गरिदिने चलनले गर्दा भएको हो । (UNFFPA, 2007)

धिमाल समुदाय उहिल्यैबाट बाजेबराजुको पालाबाट खेतिपाती गर्ने, शिकार खेल्ने माछा मार्ने, परम्परागत रीतिरिवाजका कामहरु सिकाउने चलन चलिआएको छ । यो परम्परा हालसम्म छ । यस्तै महिलाहरुले आफूले जानेको तान बुन्ने शीप तथा कला आफ्ना सन्तानहरुलाई सिकाउदै आएका छन् । पहिलादेखि बाजेहरुले आफ्ना नाति, नातिनीहरुलाई केही सानातिना कला तथा सीपहरु सिकाउने, आफूले भोगेका अनुभवहरु बेलुका आगो ताप्दा, आँगनमा जम्मा हुँदा परिवारका सदस्यहरु भेला हुँदा बाँड्ने चलन थियो । अहिलेसम्म यो चलन चलिरहेको छ । विभिन्न कथाहरु आफ्ना सन्तानहरुलाई सुनाउने र जानकारी गर्ने जस्ता पुरानो परम्परा छ । परम्परागत संस्थाले गाउँ टोलमा कुनै पनि मुद्धा मामिलाहरु आएमा, समस्या देखा परेमा, संस्कार तथा संस्कृतिका कुराहरु बनाउने र लागु गर्ने कामहरु गर्दै आएका छन् । धिमाल समुदायमा DFID ले सन् २००१ मा लिएको तथ्याङ्क अनुसार विद्यालय जाने बालबच्चाहरुको प्रतिशत ६२.३२ छ । धिमालको निरक्षरको प्रतिशत ३९.७९ छ । DFID को तथ्याङ्क अनुसार धिमालहरुको साक्षरता प्रतिशत ६० देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागको सन् २००१ को तथ्याङ्क अनुसार धिमालहरुको साक्षरता प्रतिशत ५२.४४ छ । नेपालका धिमालहरु सन् २००९ फ्रेबुवरी ९ र १० मा जेटिजेड, जर्मनी कार्यालयमा सोम धिमालले प्रस्तुत गरे अनुसार धिमाल समुदायमा प्रा.वि. स्तरमा भर्ना हुनेको प्रतिशत ८० देखि ८५ देखिन्छ । कक्षा ७ सम्म यो संख्या झरेर ७० देखि ८० प्रतिशतमा सिमित हुन्छ । यो संख्या कक्षा ८ वा जिल्ला स्तरीय परीक्षासम्म आउँदा ४० देखि ६० प्रतिशतमा रहन्छ । कक्षा ९ र १० सम्म आउँदा यो संख्या २० देखि ३० प्रतिशत मात्र सिमित हुन्छ । प्रवेशिकासम्म आउँदा र उर्त्तीण हुँदा सो संख्या १० देखि १५ प्रतिशत मात्र छ । उच्च शिक्षा र विश्वविद्यालयमा भर्ना हुने र अध्ययन पुरा गर्ने धिमालहरुको संख्या त नगन्य छ । (धिमाल, २०६८)

शिक्षा क्षेत्रमा देखिएको असमान महिला सहभागितालाई बृद्धि गर्न र विकासका क्षेत्रमा सक्षम महिला पहुँचका लागि महिलाहरुको शैक्षिक अवस्थामा सुधार गर्न विभिन्न राष्ट्रिय र अर्न्तराष्ट्रिय नीति तथा रणनीतिहरु बनाइएका छन । जसमा डकार कार्ययोजना सबैका लागि शिक्षा २००० मा सन् २०१५ सम्ममा सबैका लागि गुणस्तरीय शिक्षा प्राप्तिका लागि १२ वटा प्रमुख रणनीतिहरु प्रस्ताव गरेको छ र ६ वटा प्रमुख लक्ष्यहरु तोकेको छ, जसमा लैङ्गिक विशेष

लक्ष्यहरु निम्नानुसार छन्ः- १. “सन् २०१५ सम्ममा सबैबालबालिकाहरु विशेष गरी बालिकाहरु, कठिन परिस्थितिमा परेका बालबालिकाहरुको एंवम अल्पसंख्यक बालबालिकाहरुका लागि स्तरीय एंवम विश्वव्यापी प्राथमिक शिक्षामा पहुँच बढाउने र सो पूरा गर्ने ।” २. “सन् २०१५ सम्ममा प्रौढ साक्षरता तहमा ५० प्रतिशतले सुधार गर्ने खासगरी महिलाका निम्ति र सबै प्रौढहरुका लागि आधारभुत र निरन्तर शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।” ३. “सन् २०१५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाई सन् २०१५ सम्ममा स्तरीय आधारभुत शिक्षाको उपलब्धिमा छात्राको पूर्ण र समान पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने ।” लक्ष्यहरु राखेको छ । (UNESCO 2009)

विकासमा लैङ्गिक मूलप्रवाहिकरणका लागि शैक्षिक नीतिहरुले के कस्तो लैङ्गिक पहुँच हुन सक्छ भन्ने कुरा महत्व राख्ने हुनाले नेपालमा बनाइएका शैक्षिक नीतिहरुको समिक्षा गर्दा पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक अथवा विद्यालय तहसम्म लैङ्गिक विभेद कम गर्दै छात्रा विद्यार्थी बढाउने कुरामा राम्रो नीतिहरु तर्जुमा गरीएको छ । त्यसबाट धेरै हदसम्म सफलता प्राप्त भएको छ तर उच्च शिक्षामा भने लैङ्गिक समानता कायम गर्ने खालका नीतिहरु छैनन् भएका नीतिहरु लैङ्गिक सवालमा तटस्थ रहेको देखिन्छ । जसको कारणले उच्च शिक्षामा महिला र पुरुषको संलग्नताको अनुपातमा ठूलो अन्तर कायमै छ । त्यसैगरी विशेष शिक्षाका नीतिहरुमा पनि महिलाहरुका लागि कुनै स्पस्ट व्यवस्था नभएको देखिन्छ । अनौपचारिक शिक्षा भने महिलाहरुका लागि नै केन्द्रित गरिएको छ । यसले महिला साक्षरता बृद्धि गर्न महत्वपूर्ण भुमिका निर्वाह गरेको छ । महिला शिक्षाका लागि शिक्षामा छात्रवृत्तिको व्यवस्था, शिक्षामा महिला सहभागिता बृद्धि प्रर्वद्धनका लागि कम्तिमा एक प्राथमिक विद्यालयमा एकजना महिला शिक्षक नियुक्त गर्नुपर्ने र पिछडिएका जनजाति समुदायका छात्रा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जस्ता शिक्षामा लैङ्गिक पहुँचमा सहयोग पुऱ्याउने नीतिहरु छन् । (MWCSW, 2005)

समग्रमा भन्नुपर्दा आज मुलुक अन्योलग्रस्त नै छ । यो अवस्थाबाट देशलाई उँभो लगाउन शिक्षाको माध्यमद्धारा आधुनिक राज्य निर्माण गर्नका लागि प्राज्ञिक, राजनीतिक र नीतिगत बहसको खाँचो देखापरेको छ । व्यक्तिको रुचि र चाहना तथा समाजको अपेक्षाअनुरुप अझै हाम्रो शिक्षा हुन सकेन । नेपालले शिक्षासम्बन्धी नीति र योजना निर्माण गर्दा आफेनो समाज, देश र विश्वको शिक्षा नीतिलाई समेत विश्लेषणात्मक अध्ययन गरी आफ्नो समाजअनुकूलको व्यावहारिक शिक्षा अपनाउन नसक्दा नै हाम्रो शिक्षा विद्यार्थी, अभिभावक र शिक्षकको हितमा प्रयोग नभई व्यक्तिगत, समूहगत वा दलगत स्वार्थका झिनामसिना कुरामा अलमलिन पुगेको छ । अहिले स्तरीय शिक्षा गरिब र धनी दुबै खाले बालबालिकाले समान रुपले पढ्न पाउने अवसरबाट वञ्चित हुन पुगेका छन् । मुलुकमा बढ्दो व्यापारीकरण र निजीकरणको वैगमलाई सरकारले व्यवस्थित गर्न सकेको छैन । (गौतम, २०७२)

नेपालमा हाल बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरु कूल ३५,९९१ रहेका छन् । तीमध्ये ३०,४४८ समुदायमा र ५,५४३ निजी स्तरमा संचालित छन् । बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको कूल भर्नादर (GER) ८१.१ रहेको छ जसमा ८०.९ छात्रा र ८१.२ प्रतिशत छात्र रहेका छन् । देशभर कूल ३४,८३७ विद्यालयहरु सञ्चालनमा रहेका छन् जसमध्ये प्राथमिक तहमा सबैभन्दा बढी ३४,३६२ विद्यालयहरु सञ्चालित छन् भने निम्न माध्यमिक र आधारभूत विद्यालयको संख्या क्रमशः १५,०९१ र ३४,५३७ रहेका छन् । त्यसैगरी, माध्यमिक तहमा (कक्षा ९ र १०) ८,९६८ र उच्च माध्यमिक तहमा (कक्षा ११ र १२) ३,६५६ विद्यालयहरु रहेका छन् कक्षा ९-१२ सञ्चालन भएका माध्यमिक तहका विद्यालयहरु भने ९,२६३ वटा रहेका छन् । प्राथमिक, निम्न माध्यमिक र आधारभूत तहमा क्रमशः ४२६४९४२, १८६२८७३ र ६१२७८१५ जना विद्यार्थीहरु अध्ययनरत छन् । (शिक्षा विभाग, २०७२)

सबै विद्यालयहरुमा तोकिएको न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार विकास हुन नसक्नु, बालिका तथा बञ्चितिकरणमा परेको समुदायका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाइराख्न नसक्नु, सवैलाई उच्च शिक्षाको समान अवसर पुऱ्याउन नसक्नु, सिकाई उपलब्धिमा अपेक्षित सुधार हुन नसक्नु, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक व्यवस्थापन, परीक्षा र मूल्याङ्कनलाई समयानुकुल बनाउन नसक्नु, संस्थागत विद्यालयहरुको प्रभावकारी नियमन गर्न नसक्नु, शिक्षक व्यवस्थापन प्रभावकारी रुपमा गर्न नसक्नु, शिक्षालाई उत्पादन र रोजगारीमूलक बनाउन नसक्नु, निःशुल्क अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन जस्ता समस्याहरु शिक्षा क्षेत्रमा रहेका छन् । यसैगरी प्रारम्भिक बालविकास केन्द्रको विस्तार र प्रभावकारी रुपमा संचालन हुन नसक्नु, साक्षरता कार्यक्रमको कमजोर कार्यान्वयन, उच्च शिक्षाको शैक्षिक व्यवस्थापन र नियमन प्रभावकारी हुन नसक्नु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरुमा समावेशी र समन्यायिक पहुँच सुनिश्चित गर्न नसकिनु, राष्ट्रिय स्तरमा सीप परिक्षण गर्ने संयन्त्रको कमि हुनु जस्ता समस्याहरु रहेका छन् । सवै तहको शिक्षालाई अपेक्षाकृत समावेशी बनाउने, विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्ने, माध्यमिक तह क्रमिक रुपमा निःशुल्क गर्न दिगो स्रोतको व्यवस्था गर्ने, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको पहुँच सर्वसाधारणसम्म पुऱ्याउने, सवै तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन पद्धतिलाई व्यवस्थित गर्ने, विकेन्द्रिकरणलाई व्यवहारिक रुपमा प्रभावकारी बनाउने, शिक्षक व्यवस्थापन प्रभावकारी बनाउने, उच्च शिक्षाको व्यवस्थापनमा सुधार गरि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय बजारको मागसँग आवद्ध गर्ने, युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा सक्रिय बनाउने कार्यहरु चुनौतीका रुपमा रहेका हुन्छन् ।

नेपालमा उच्च शिक्षाप्रतिको जनचाहाना द्रुत गतिमा बढेको छ । हरेक वर्ष विद्यार्थी भर्नादर बढेको छ । उच्च शिक्षासँग सम्बद्ध नयाँ संस्थाहरु प्रति वर्ष थपिदै गएका छन् । तर यो विस्तार योजनावद्ध र व्यवस्थित हुन सकेको छैन । उच्च शिक्षामा आर्थिक रुपले विपन्न र

भौगोलिक रुपले पिछडिएका क्षेत्रका नागरिकहरुको सहभागिता बढ्न सकेको छैन । सामाजिक, आर्थिक रुपले पछाडि परेका क्षेत्रका विद्यार्थीहरुका लागि विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गरिएको भएतापनि लक्षित समूहका लागि पर्याप्त हुन सकेको छैन । पाठ्यक्रमलाई समय सापेक्ष बनाउन नसक्दा उच्च शिक्षाको उद्देश्य अनुकुल हुने गरी शैक्षिक क्रियाकलाप संचालन, परीक्षा प्रणालीको व्यवस्था, शैक्षिक क्यालेन्डरको पालना, उपयुक्त शैक्षिक वातावरणको सिर्जना र उच्च शिक्षा प्रदायक संस्थाहरुको समता वृद्धि गर्न सकिएको छैन । मुलुकमा उच्च शिक्षा प्रदायक संस्थाहरुका बीच अन्तरसम्बन्ध कायम गरि नेतृत्व विकास, अनुसन्धान, प्रवर्तन एवंम् विकास कार्यमा सहकार्य र एकरुपता कायम गरी अगाडी बढ्न सकिएको छैन ।

माथि उल्लेख गरिएका विभिन्न शिक्षा सम्बन्धि पुस्तक, लेखरचना तथा नीति नियमहरुमा विशेषगरी मात्रात्मक रुपमा मात्र व्याख्या विश्लेषण गरिएको पाईयो । मानिसहरु शिक्षामा पछाडि पर्नुको प्रमुख कारणको रुपमा चेतनाको कमीलाई मानिएको छ । त्यस्तैगरी, यातायातको असुविधाले गर्दा पनि मानिसहरु शिक्षामा पछाडि परेको देखाईएको छ । भने अर्को तर्फ दक्ष शिक्षकको कमीका कारण पनि शिक्षा पछाडि परेको हो भनी उल्लेख गरेको पाईयो । यी कुराहरुलाई हेर्दा शिक्षालाई समुदाय स्तरका व्यक्तिले कसरी लिने गर्दछन् त्यसलाई केलाउनु आफैंमा महत्वपूर्ण छ । शिक्षामा यति प्रतिशत पुरुष र यति प्रतिशत महिलाको सहभागिता छ भन्नु भन्दा पनि यस्तो स्थिति हुनुको पछाडि के-कस्ता कुराहरु उत्तरदायी छन् त्यसलाई विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

समाजशास्त्रीहरुले शिक्षालाई माग र पूर्तिको रुपमा पनि लिने गरेको पाईन्छ । यो अध्ययन विशेषत पूर्तिको सिद्धान्तमा आधारित भएर शिक्षामा धिमालहरु पछाडि पर्नुमा समुदाय स्तरमा कस्ता कारकतत्वहरुले कस्तो भूमिका खेल्दा रहेछन् भन्ने उदेश्यले यो अध्ययन मुख्यत गुणात्मक तथ्याङ्कमा आधारित भएर गरिएको छ । के के कुराहरुले धिमालहरुको शिक्षा पुरा हुनलाई बाधा गर्दो रहेछ भनेर हेर्ने प्रयास गरिएको छ ।

शिक्षा सम्बन्धि विभिन्न कार्यक्रमहरुको बारेमा चर्चा गरिएको भएपनि त्यसले आशातित परिणाम ल्याउन सकेको पाँइदैन । नीतिनियमले मात्र शिक्षालाई माथि उकास्न नसक्दो रहेछ । सामाजिक तथा साँस्कृतिक वस्तुस्थितिले पनि महत्वपूर्ण भूमिका खेल्ने गर्दोरहेछ ।

# अध्याय - तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

यस अनुसन्धानमा नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने झापा जिल्लाको दमक नगरपालिका वडा नं. ०२ अर्न्तगत खरखरे टोलको एउटा धिमाल वस्तीलाई अध्ययन क्षेत्रको रुपमा लिइएको थियो । जहाँ धिमालहरुको पुरानो बसोवास रहेको थियो । यस अध्ययन क्षेत्र छनौटका लागि प्रस्ताव गरिनुका निम्न कारणहरु रहेका छन् ।

- ❖ यस ठाउँमा पुरानो धिमाल वस्ती भएको हुँदा विशेष गरी त्यहाँ सम्पन्न र विपन्न दुवै स्तरका तथा शिक्षित र अशिक्षित दुवै प्रकारको समुदायको त्यस ठाउँमा वसोवास रहेको हुँदा शिक्षित व्यक्ति र अशिक्षित व्यक्तिहरु दुवैको शिक्षा प्रतिको धारणा बुझ्नका लागि यो ठाउँ उपयुक्त थियो ।
- ❖ आधुनिक शिक्षा र शैक्षिक संस्थाहरुले धिमाल समुदायको शिक्षालाई प्रभाव पाऱ्यो कि पारेन, अन्य जातिहरुको आगमनले शिक्षा लगायत अन्य क्षेत्रमा कस्तो परिवर्तन आएको रहेछ भन्ने कुरा बुझ्नको लागि यस क्षेत्र छनौट गरिएको थियो ।

## ३.२. अनुसन्धान ढाँचा

यस अध्ययनको प्रमुख उद्देश्य धिमाल जातिको शैक्षिक स्थितिको बारेमा जानकारी लिनु थियो । अध्ययनका लागि आवश्यक तथ्याङ्क प्राथमिक र द्वितिय श्रोतबाट लिइएको थियो । यस अध्ययनको लागि अनुसन्धान अन्वेषणात्मक तथा वर्णनात्मक ढाँचा प्रयोग गरिएको थियो ।

## ३.३ अध्ययनको समग्रता

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि अध्ययन क्षेत्र दमक नगरपालिका अर्न्तगत वडा नं. ०२ को धिमाल बस्ती खरखरे टोलको २७ घरधुरीको जनगणना विधिको आधारमा समग्रमा अध्ययन गरिएको थियो । जसमा एकघरपरिवारबाट एकजना सदस्यलाई उत्तरदाताका रुपमा छनौट गरिएको थियो । यस अध्ययनका लागि १५ देखि ६० वर्ष उमेरसमूहका २७ जना विवाहित तथा अविवाहित धिमालहरुलाई उत्तरदात्ताको रुपामा छनौट गरिएको छ । जसमा एउटै घरमा सोही उमेर समूहका एक भन्दा बढी उत्तरदाता भएमा जसले उपयुक्त समय दिन सक्छ, जसले सहभागिता हुन चाहान्छ, त्यसलाई उपयुक्त समय मिलाएर अनुसुची भरिएको थियो ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययन अनुसन्धानलाई यथार्थपरक बनाउनका लागि विभिन्न विधिहरुको प्रयोग गरिएको छ । आवश्यक तथ्याङ्कलाई प्राथमिक र द्वितिय श्रोतबाट संकलन गरिएको छ ।

#### ३.४.१ प्राथमिक श्रोत

यस अध्ययनका लागि अनुसन्धानकर्ताले धिमाल समुदायमा शिक्षाको बारेमा अध्ययन गर्दा प्राथमिक विधिहरु प्रयोग गरिएको थियो । प्राथमिक विधिहरुमा अन्तरवार्ता, घरधुरी सर्भेक्षण, रहेका थिए ।

#### ३.४.२ द्वितीय श्रोत

द्वितीय तथ्याङ्कका रुपमा धिमालहरुको शैक्षिक अवस्थाका बारेमा वा सम्बन्धमा प्रकाशित लेखरचना, पुस्तक, पत्रपत्रिका आदि रहेका छन् । त्यस्तै विभिन्न जर्नल, नगरपालिका तथा जिल्ला विकास समितिका तथ्याङ्कहरु संकलन गरिएको थियो ।

### ३.५ तथ्याङ्क संकलन विधिहरु

यस अध्ययनका लागि अनुसन्धानकर्ताले दमक नगरपालिका वडा नं. ०२ खरखरे टोलमा बसोवास गर्ने धिमालहरुको शैक्षिक स्तर थाहा पाउनका लागि निम्न विधिहरु प्रयोग गरी उनीहरुको वास्तविक शैक्षिक अवस्था पत्ता लगाइएको छ ।

#### ३.५.१ घरधुरी सर्भेक्षण

अध्ययन क्षेत्रमा रहेका धिमाल वस्तीको सवै घरहरुको घरधुरी फारम भरी सूचना संकलन गरिएको थियो । घरधुरी सर्भेक्षणमा प्रत्येक घरपरिवारबाट एकजना सदस्य छनौट गरी आवश्यक सूचना लिइएको थियो । उनीहरुको पारिवारिक, शैक्षिक, आर्थिक, सामाजिक अवस्थाबारे जानकारी लिइएको थियो । घरधुरी सर्भेक्षणको फारम परिशिष्ट २ मा राखिएको छ । घरधुरी सर्भेक्षणबाट अध्ययन गरिएको खरखरे टोलको सम्पूर्ण जनसंख्या उनीहरुले अपनाएको पेशा उनीहरुको सामाजिक स्तर आदिको बारेमा सूचना प्राप्त गरिएको थियो । त्यसैगरी उनीहरुले आफ्ना छोराछोरीलाई सरकारी वा निजी कुन विद्यालयमा पढाउँदा रहेछन् र छोरीलाई छोरा सरह विद्यालय पठाएको नपठाएको कुराको जानकारी पनि अनुसन्धान कर्तालाई घरधुरी सर्भेक्षणको तथ्याङ्कबाट प्राप्त भएको थियो । अनुसन्धानकर्ता आफू स्वयम् त्यही ठाउँको भएको हुँदा केही व्यक्तिहरुसँग परिचित भएको र तथ्याङ्क संकलन गर्न केही सजिलो अनुभव गरे पनि अपरिचितहरुको घरमा भने उत्तरदाताले अनुसन्धानकर्तासँग अभद्र व्यवहार देखाएका थिए । यस्तो अभद्र शैली अपनाउनेमा पनि अशिक्षित पुरुष र महिला नै रहेका थिए ।

### ३.५.२ अन्तरवार्ता

यस अध्ययनका क्रममा आवश्यक सूचना प्राप्त गर्नका घरघुरी सर्भेक्षणकै उत्तरदातालाई अन्तरर्वाता लिइएको थियो । जसमा १२ जना पुरुष र १५ जना महिलाहरु रहेका थिए । अन्तरवार्ताका लागि सोधिने प्रश्नहरु संरचित र अर्धसंरचित दुबै प्रकारका रहेका थिए । शिक्षाको बारेमा कुरा गर्दा आर्थिक अवस्था कमजोर भएका धिमालहरुले के अब हाम्रो गाउँमा प्रौढ शिक्षा संचालन हुन्छ त ? भन्दै प्रश्न पनि गरेका थिए । अर्न्तवार्ताका क्रममा उत्तरदाताहरुबाट शिक्षाप्रतिको धारणा बारेको जानकारीका साथै आवश्यक सूचना लिइएको थियो ।

## ३.६ तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

अनुसन्धानबाट संकलन गरी ल्याएका तथ्याङ्कहरुलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । सामान्य तथ्याङ्कशास्त्रिय विधिबाट संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा निकाली प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसै गरी गुणात्मक तथ्याङ्कहरुलाई विषयवस्तुको आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गरी तथ्याङ्कलाई लिपीबद्ध गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

जुनसुकै अध्ययनको पनि एउटा निश्चित सीमा निर्धारण गरिएको हुन्छ । यो अध्ययनको पनि निम्नानुसारका सीमाहरु निर्धारण गरिएको छ ।

१) यो अध्ययन दमक नगरपालिका भित्र पर्ने वडा नं. ०२ मा बसोवास गर्ने धिमालहरुको शैक्षिक अवस्थामा आधारित भएर तयार पारिएको छ ।

२) यस अध्ययनमा धिमालहरुको शैक्षिक स्थिति पत्ता लगाउनु र धिमाल समुदायको शिक्षाप्रतिको धारणा विश्लेषण गरी शैक्षिक निरन्तरता र छोड्नुको कारणहरु खोजी गर्ने प्रयास गरीएको छ ।

३) यस अध्ययनमा अध्ययन क्षेत्रका धिमाल समुदायको समग्रता अध्ययनका लागि घरधुरी सर्भेक्षण, अर्न्तवार्ता साथै अवलोकन विधिको प्रयोग गरीएको छ ।

४) यस अध्ययनले आफ्नो अध्ययन क्षेत्र दमक न.पा. वडा नं. ०२ लाई मात्र सिमित मात्रामा अनुसन्धान गरी धिमालहरुको शैक्षिक स्थिति पत्ता लगाउने प्रयास गरीएको छ । त्यसैले यस अध्ययनले नेपालभरिका धिमालहरुको शैक्षिक स्थितिको प्रतिनिधित्व गर्न सक्दैन । यस अध्ययनले केवल यसै क्षेत्रका धिमालहरुका मात्र प्रतिनिधित्व गर्ने भएकोले कुनै अर्को स्थानमा बसोबास गर्ने धिमालहरुको शैक्षिक स्थितिसँग नमिल्न सक्दछ र यसको निष्कर्ष अन्य स्थानमा सामान्यिकरण नहुन पनि सक्दछ ।

# अध्याय – चार
# धिमाल जाति र उनीहरुको शैक्षिक अवस्था

यस अध्ययनलाई दुई भागमा विभाजित गरिएको छ । पहिलो भागमा अध्ययन क्षेत्रको भौगोलिक, सामाजिक र शैक्षिक संस्थाहरुको बारेमा व्याख्या गरिएको छ भने दोश्रो भागमा धिमाल जातिको सामान्य परिचय अध्ययन क्षेत्रका धिमाल समुदायको जनसंख्या, धिमाल जातिको आर्थिक अवस्था र वैवाहिक अवस्थाको बारेमा व्याख्या गरिएको छ ।

## ४.१ झापा जिल्ला र धिमाल जाति

मेची अञ्चलका चार जिल्लाहरुमध्ये सवैभन्दा बढी जनघनत्व भएको जिल्ला झापा जिल्ला हो (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) । सरकारबाट यस क्षेत्रमा पुर्नवास कार्यक्रम ल्याएको कारणबाट पनि यहा बढी बसोवास भएको हो । यस जिल्लामा विभिन्न सुविधाहरु जस्तैः समथर जमिन, अस्पताल, खानेपानी, यातायात, विद्यालय, बाटो घाटो, बालीनाली आदि जस्ता सुविधाले अन्य छिमेकी जिल्लाको तुलनामा अन्य पहाडी जिल्लाहरुबाट बसाईसराई गरी आउने क्रम बढी रहेको स्थानीय मानिसहरुको बुझाई छ । यसरी बसाईसराई सँगसँगै झापा जिल्लामा पहाडी मूलका जातजाति र नयाँ जातिको आगमन सँगसँगै स्थानीय जातिहरुको विशेषत सामाजिक, सांस्कृतिक तथा आर्थिक र शैक्षिक पक्षहरुमा पनि निरन्तर प्रभाव एवंम् परिवर्तन हुदै आएको कुरा स्थानीय बासिन्दाहरुले अध्ययनका क्रममा बताए ।

यस जिल्लामा ३७ वटा गा.वि.स.हरु र ८ वटा नगरपालिकाहरु रहेका छन् । २०६८ सालको जनगणना अनुसार झापा जिल्लाको दमक, गौरादह, धाइजन, नक्सलबन्द, शनिश्चरे, दुहागढी, अनारमनी, बुधबारे र गोविन्दपुर क्षेत्रहरुमा धिमालहरुको बसोवास रहेको छ । झापा जिल्लाको कूल जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार ८,१२,६५० रहेको छ । (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) जसमा धिमालहरुको जनसंख्या १०,५२९ रहेको छ । धिमाल जाति विकास केन्द्रका अध्यक्ष पदम बहादुर धिमालका अनुसार सवै धिमालहरुलाई यो धिमाल जाति विकास केन्द्रमा समावेश गराउन सकिएको छैन । त्यसैले धिमाल जातिको जनसंख्या यति नै छ भनेर किटान गर्न सकिएको छैन ।

दमक नगरपालिकामा विभिन्न जातजातिहरुको बसोवास रहेको पाइन्छ । ब्राम्हण, क्षेत्री, धिमाल, नेवार, राई, लिम्बू, मगर, सतार, राजवंशी, कुमाल, दमाई, कामी, सार्की, तामाङ्ग, गुरुङ्ग, भुजेल, सुनुवार, मुसहर, माझी आदि रहेका छन् । धिमाल र राजवंशी जातिलाई यस क्षेत्रको पुरानो आदिवासी जातिको रुपमा लिने गरेको पाइन्छ । जसलाई विभिन्न अनुसन्धानले पनि प्रमाणित गरेको पाइन्छ । अन्य जातजातिको आगमन भने औलो उन्मूलन भएपछि व्यापक रुपमा भएको देखिन्छ । धिमाल जातिको बसोवास दमक नगरपालिकाका प्रायः सवै वडाहरुमा

भएता पनि यो अध्ययन वडा नं. २ खरखरे टोलमा मात्र सिमित छ । जहाँ २७ घरधुरी रहेका छन् ।

अध्ययन क्षेत्रका मानिसहरुले आफ्नो मुख्य पेशा कृषि नै भएको बताए । यहाँ धान, मकै, गहुँ, केरा, उखु, नरीवल, चिया आदि लगाउने गरेको पाइयो । यहाँ उव्जाउ माटो भएको कारण प्राय मानिसहरु कृषि कार्य गर्ने गर्दथे भने समयको परिवर्तन सँगै यहाँका मानिसहरु व्यापार व्यवसायमा संलग्न भएको पाइयो । औपचारिक शिक्षा लिएका मानिसहरु सरकारी तथा गैरसरकारी निकायहरुमा संलग्न रहेको पाइयो । यहाँ स्कूल, कलेज, अस्पताल, खानेपानी, यातायात, बिजुली, टेलिफोन आदि मानिसका आवश्यकताका लागि राम्रो सुविधा भएको पाइन्छ । समयको परिवर्तन सँगै यहाँका धिमालहरुले पनि क्रमिक रुपमा केही मात्रामा परम्परागत पेशा (खेतीपाति) लाई छोडी नयाँ पेशाहरु जस्तैः व्यापार व्यवसाय, रोजगारी, ज्यालादारी आदि तर्फ लाग्न थालेको पाइयो ।

भौगोलिक दृष्टिकोणले हेर्दा पूर्व-पश्चिम महेन्द्र राजमार्गको उत्तर र दक्षिण दुवैतिर फैलिएको दमक नगरपालिकाको कूल क्षेत्रफल ७,५१३ हेक्टर रहेको छ । जसमध्ये कृषि क्षेत्रले ३०७० हेक्टर जमिन ओगटेको छ भने आवास क्षेत्रले २,७४० हेक्टर क्षेत्र जमिन ओगटेको छ । त्यसैगरी बजार क्षेत्र १०६९ हेक्टर जमिन रहेको छ  भने ६३४ हेक्टर जमिन वन क्षेत्र रहेको छ । दमक शहरीकरण हुनुभन्दा अगाडी देखिनै धिमालहरुको बसोवास रहेको थियो । उनीहरु आफूलाई पुरानो बासिन्दा (आदिवासी) को रुपमा चिनाउने गर्दछन् । शहरीकरण प्रक्रिया संगसंगै यहाँ विभिन्न जातजातिहरु बसाइसराई गर्ने क्रम तिव्र रुपमा बढ्न थालेको बताइन्छ ।

अध्ययन क्षेत्रको अध्ययनको आधारमा यस क्षेत्रमा धिमाल लगायत अन्य जातिहरुको बसोवास रहेको पाइयो । अन्य जातहरुमा ब्राम्हण, क्षेत्री, राई, लिम्बू, नेवार, कुमाल, तामाङ्ग जातका मानिसहरुको बसोवास रहेको पाइयो । तर धिमालहरुको घर संख्या यस टोलमा २७ वटा रहेको पाइयो । धिमालहरु प्रायःजसो खेतिपाती, रिक्सा चलाउने, काठको काम, ज्याला मजदुरी, बैदेशिक रोजगारीमा संलग्न र कसैकसैले व्यापार व्यवसाय गरी आफ्नो जिबिका चलाएको देखियो ।

धिमालहरु आफ्नो जातिभित्र बोल्दा अझैपनि आफ्नै भाषा (धिमाल भाषा) बोल्दा रहेछन् भन्ने अन्य जातिसँग बोल्दा अथवा कुराकानी गर्दा नेपाली भाषा बोल्ने गर्दा रहेछन् । यसले के स्पष्ट पार्दछ भने सरकारले नेपाली भाषालाई राष्ट्रिय भाषाको रुपमा स्वीकार गरेकाले धिमाल जातिमा पनि यसको प्रभाव परेको देखिन्छ । स्कूल नगएका धिमाल पुरुष तथा महिलाहरु ( बुढापाका) ले नेपाली भाषा त्यति स्पष्ट सँग बोल्न नजानेको र उनीहरु धिमाल भाषा मात्रै बोल्ने गरेको अवलोकनका क्रममा पाइयो । अर्को तर्फ स्कूल जाने बालबालिका र

युवायुवतीहरुले भने घरमा र साथीहरुसँग नेपाली भाषा नै बोलेको पनि अवलोकनको क्रममा थाहा पाइयो । यसैगरी कुनै कुनै साना केटाकेटीहरुले त धिमाल भाषा नै बोल्न नजानेको पनि उनीहरुको साथीहरुसँग गरेको कुराकानीको आधारमा थाहा पाइयो । यसो हुनुमा बालबालिकामा साथी भाई र आधुनिक शिक्षाको प्रभाव साथै धिमाल जातिहरुको आफ्नै कुनैपनि लिपि नभएको कुरा जानकारी पाइयो ।

## ४.२ दमक नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको जानकारी

अध्ययन क्षेत्रमा औपचारिक शिक्षा दिनका लागि सरकारी र निजी क्षेत्रबाट प्रयास गरेको पाइयो । वि.सं. २०१२ सालमा दमककै पहिलो सरकारी स्तरबाट हिमालय माध्यमिक विद्यालयको स्थापना यसै वडामा स्थापना भएको थियो । यस स्कूलको स्थापना भएपछि प्रथमत क्षेत्री बाहुनका छोराहरु पढ्न जान थालेको र विस्तारै त्यसको प्रभाव धिमाल समुदायमा पनि पर्न थालेको र सम्पन्न धिमालहरुले आफ्ना छोराहरुलाई स्कूल पढ्न पठाउन थालेको कुरा स्थानीय शिक्षक भरत बहादुर धिमालले बताए । तर धिमालहरु कहिलेदेखि स्कूल गए त भनेर अध्ययन क्षेत्रका व्यक्तिहरु मध्ये कसैले पनि बताउन सकेको भने पाइएन ।

२०४६ सालको जनआन्दोलन पछि शिक्षामा आएको आमूल परिवर्तन संगै दमकमा पनि धेरै निजी विद्यालयहरु खुले । निजी विद्यालय खुलेपछि त्यसमा अध्ययन गर्ने विद्यार्थीहरु आर्थिक रुपले सम्पन्न क्षेत्री - बाहुन र नेवारका छोराछोरीहरु थिए । क्षेत्री बाहुनका छोराहरुलाई निजी विद्यालयमा पढ्न पठाएको देखेपछि आर्थिक रुपमा सवल धिमालहरुले पनि आफ्ना छोराहरुलाई निजी विद्यालयमा पढ्न पठाउन थालेको स्थानीय शिक्षक भरत बहादुर धिमालले बताए । शिक्षक धिमालले बताए अनुसार धिमालहरुको शिक्षामा पहाडियाहरुको प्रभाव परेको पाइयो । समयको परिवर्तन संगै धिमालहरुको शिक्षामा पनि केही परिर्वतन आउन थालेको कुरा उत्तरदाताहरुबाट थाहा पाइयो ।

तालिका १: दमक नगरपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| शिक्षण संस्था | निजी | प्रतिशत | सरकारी | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| क्याम्पस | ५ | १००.०० | - | - | ५ | १००.०० |
| उ.मा.वि. | ४ | ५०.०० | ४ | ५०.०० | ८ | १००.०० |
| मा.वि. | १२ | ७५.०० | ४ | २५.०० | १८ | १००.०० |
| नि.मा.वि. | ५ | ३८.५६ | ८ | ६१.६३ | १३ | १००.०० |
| प्रा.वि. | ५ | ४५.४५ | ६ | ५४.५४ | ११ | १००.०० |
| प्राविधिक शिक्षालय | ३ | १००.०० | - | - | ३ | १००.०० |
| जम्मा | ३४ | ६०.७१ | २२ | ३९.२८ | ५६ | १००.०० |

स्रोतः दमक न.पा.

दमक बहुमुखी क्याम्पस सवैभन्दा पुरानो क्याम्पस हो । यसको स्थापना सन् १९८१ मा भएको थियो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई दमकमा स्नात्तकोत्तर सम्मको पढाई हुने एउटा मात्र क्याम्पस हो । त्यसैगरी दमक मोडल क्याम्पस पनि त्रि.वि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पस हो । जसमा स्नातक तहसम्मको पढाई हुने गरेको पाइयो । त्यसैगरी पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस यूनिक क्याम्पस दमक पनि रहेको जसमा स्नातक तह सम्म पढाई हुने गरेको पाइयो । दमकमा एउटा पनि सरकारी क्याम्पस भने नभएको पाइयो ।

### ४.३ उमेर र लिङ्गका आधारमा अध्ययन गरिएको जनसंख्याको विश्लेषण

समाजमा रहेका विभिन्न विचलनहरुमा उमेर, शिक्षा र लिङ्ग पनि एक अर्कामा अन्तर सम्बन्धित हुन्छन् । किनकी अध्ययन क्षेत्रमा अध्ययनको क्रममा विभिन्न उमेर समूह र लिङ्ग अनुसार शैक्षिक योग्यता र धारणा पनि फरक फरक रहेको पाइयो । अध्ययन क्षेत्रका धिमालहरुको जम्मा जनसंख्या १५३ रहेको थियो । त्यसमा महिलाको संख्या ७८ र पुरुषको संख्या ७५ रहेको थियो । त्यसलाई उमेरको आधारमा तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. २ उमेर समूह अनुसार अध्ययन क्षेत्रका पुरुष र महिलाको जनसंख्या

| | **महिला** | | **पुरुष** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **उमेर समूह** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| ०-०४ | ४ | ५.१२ | ३ | ४ | ७ | ४.५७ |
| ०५-०९ | ८ | १०.२५ | ६ | ८ | १४ | ९.१५ |
| १०-१४ | ६ | ७.६९ | ५ | ६.६६ | ११ | ७.१८ |
| १५-१९ | ७ | ८.९७ | ८ | १०.६६ | १५ | ९.८० |
| २०-२४ | ६ | ७.६९ | ६ | ८ | १२ | ७.८४ |
| २५-२९ | ११ | १४.१० | ९ | १२ | २० | १३.०७ |
| ३०-३४ | ७ | ८.९७ | ७ | ९.३३ | १४ | ९.१५ |
| ३५-३९ | ९ | ११.५३ | ८ | १०.६६ | १७ | ११.११ |
| ४०-४४ | ६ | ७.६९ | ७ | ९.३३ | १३ | ८.४९ |
| ४५-४९ | ५ | ६.४१ | ६ | ८ | ११ | ७.१८ |
| ५०-५४ | ४ | ५.१२ | ३ | ४ | ७ | ४.५७ |
| ५५-५९ | ३ | ३.८४ | ४ | ५.३३ | ७ | ४.५७ |
| ६० भन्दा माथि | २ | २.५६ | ३ | ४ | ५ | ३.२६ |
| जम्मा | ७८ | १००.०० | ७५ | १००.०० | १५३ | १००.०० |

स्रोतः घरधुरी सर्भेक्षण २०७३

तालिका नं. २ अनुसार अध्ययन गरिएको क्षेत्रको कूल जनसंख्या १५३ रहेको छ । जसमध्ये पुरुषको संख्या ७५ र महिलाको संख्या ७८ रहेको पाईयो । जसमा पुरुषको भन्दा महिलाको संख्या ३ जनाले बढी पाईयो । त्यसैगरी, सबैभन्दा बढी २५-२९ बर्ष उमेर समूहका महिलाहरु ११ जना र सबैभन्दा कम ६० बर्षभन्दा बढी उमेर समूहका २ जना रहेको पाईयो । यसैगरी पुरुषको संख्या पनि २५-२९ बर्ष उमेर समूहकै सबैभन्दा बढी ९ जना पाईयो ।

## ४.४ उत्तरदात्ताहरुको उमेरगत शैक्षिक विवरण

कुनैपनि व्यक्तिको शिक्षालाई उसको उमेर र उनीहरुको बाल्यकालको समयले पनि निर्धारण गर्ने गर्दछ । उमेर अनुसार शिक्षाको स्तर पनि फरक फरक हुने गर्दछ । पुरानो पुस्ताका व्यक्ति र नयाँ पुस्ताका व्यक्तिहरुको शिक्षा आर्जन गर्ने माध्यम फरक फरक हुने गर्दछ । अध्ययनका लागि छनौट गरिएको दमक नगरपालिका वडा नं. ०२ का २७ घरधुरीका उत्तरदातालाई छनौट गरिएको छ । जसमा समूहगत आधारमा विभाजन गर्दा निम्न अवस्थाका उमेरगत विवरण देखिन्छ ।

उत्तरदाताको उमेरगत शैक्षिक विवरणका आधारमा १५-२० बर्ष उमेरसमूहका १ जना मा.बि. र २ जना उ.मा.बि.पढेको पाइयो । त्यसैगरी, २१-२५ बर्ष उमेरसमूहका १ जना उ.मा.बि.र २ जना स्नातक तह, २६-३० बर्ष उमेरसमूहका १ जना नि.मा.बि.,२ जना मा.बि. र १ जना उ.मा.बि., ३१-३५ बर्ष उमेरसमूहका १ जना निरक्षर, १ जना साक्षर र १ जना मा.बि., ३६-४० बर्ष उमेरसमूहका १ जना निरक्षर, २ जना साक्षर, ३ जना प्रा.बि., ४१-४५ बर्ष उमेरसमूहका २ जना निराक्षर, १ जना साक्षर र १जना प्रा.बि.,४६-५० बर्ष उमेरसमूहका २ जना निरक्षर रहेको पाइयो । त्यसैगरी, ५० बर्ष उमेरसमूहभन्दा माथि पनि २ जना निरक्षर उत्तरदाता पाइयो ।

यसरी हेर्दा सबैभन्दा बढी ८ जना निरक्षर उत्तरदाता पाइयो । त्यसैगरी, अनौपचारिक साक्षर ४ जना, प्रा.बि. शिक्षा ४ जना, नि.मा.बि. १ जना, मा.बि. ४ जना, उ.मा.बि. ४ जना, क्याम्पस पढेका २ जना रहेको पाइयो ।

## ४.५ अध्ययन गरिएको धिमाल समुदायको पेशागत अवस्था

कुनै पनि व्यक्तिले कस्तो पेशा अपनाउने भन्ने कुरा उसको लिङ्गले पनि निर्धारण गर्ने गर्दछ । महिला पुरुषले गर्ने पेशा पनि उनीहरु बसोवास गरेको समाज अनुसार फरक फरक हुने गर्दछ । अध्ययन क्षेत्रका धिमाल समुदायले अपनाएको पेशा पनि लिङ्ग अनुसार फरक पाईयो । तालिका नं. ३ मा धिमाल जातिको पेशागत विवरणलाई प्रसतुत गरिएको छ ।

तालिका नं. ३ : लिङ्गका आधारमा अध्ययन गरिएका घरधुरीको जनसंख्याको पेशागत विवरण:

| | **पुरुष** | | **महिला** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **पेशा** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| कृषि | २० | ५५.५५ | १६ | ४४.४४ | ३६ | १००.०० |
| ज्यालादारी | १३ | ६१.९० | ८ | ३८.०९ | २१ | १००.०० |
| ज्यालादारी कृषि | १२ | ५७.१४ | ९ | ४२.८५ | २१ | १००.०० |
| वैदेशिक रोजगार | ५ | ८३.३३ | १ | १६.६६ | ६ | १००.०० |
| सरकारी रोजगार | १ | १००.०० | - | - | १ | १००.०० |
| व्यापार | ४ | ४०.०० | ६ | ६०.०० | १० | १००.०० |
| ड्राईभर(रिक्सा,ट्याक्टर) | ५ | १००.०० | - | - | ५ | १००.०० |
| माझी, ओझा | १ | १००.०० | - | - | १ | १००.०० |
| जम्मा | ६१ | ६०.३९ | ४० | ३९.६० | १०१ | १००.०० |

स्रोत: घरधुरी सर्भेक्षण, २०७३

*नोटः २०-५९बर्ष उमेरसमूहलाई मात्र पेशागत समूहमा समावेश गरिएको छ ।*

तालिका नं. ३ अनुसार अध्ययन क्षेत्रका धिमालहरुले अझै पनि कृषि पेशा नै बढी गर्ने गरेको पाइयो । कृषि पेशा धिमालहरुको पुरानो पेशा भएको अध्ययन क्षेत्रका धिमालहरुले बताए । कृषि पेशामा भने पुरुष र महिलाको खासै भिन्नता देखिदैन । आफ्नो जग्गा जमिन कम भएका धिमालहरुले क्षेत्री, बाहुन र अन्य जातिको जग्गा अधिँया, ठेक्कामा कमाउने गरेको पनि बताए । त्यसैगरी, धिमाल महिला तथा पुरुषहरुले ज्याला मजदुरी गरेर पनि जिविकोपार्जन गर्ने गरेको पाइयो । मजदूरी अर्न्तगत धिमाल महिला तथा पुरुषले अर्काको मेलामा काम गर्ने, पुरुषले सिकर्मी डकर्मीको काम गर्ने घर बनाएको ठाउँमा सहयोगी कामदारको रुपमा काम गर्ने गरेको पाइयो । धिमाल पुरुषहरु धेरै आम्दानी गर्नका लागि वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरु जस्तैः भारत, साउदी अरब, कतार, मलेशिया, दुबई जस्ता खाडी राष्ट्रमा जाने गरेको पनि अध्ययनको क्रममा जानकारी दिए । अध्ययन क्षेत्रका धिमाल पुरुषहरुले रिक्सा चलाउने गरेको पनि पाइयो । धिमालहरुले रिक्सा चलाउने आफ्नो पुरानो पेशा भएको बताए । लिङ्ग अनुसार व्यक्तिले गर्ने पेशा पनि फरक पाइयो । त्यस्तै गरी सरकारी जागिरमा एउटी पनि महिला अध्ययन क्षेत्रमा नपाइएकोले धिमाल महिलाहरु शिक्षा क्षेत्रमा पछाडी रहेको पाइयो । उनीहरुले आफ्नो जिविकोपार्जनका लागि रक्सी र मासुको व्यापार गर्ने गरेको देखियो । तर पुरुषले भने हार्डवेयर, इँटाको सप्लार्यस आदि सञ्चालन गरेको पाइयो ।

**४.६ अध्ययन क्षेत्रका धिमालहरुले पालन गरेका पशुपंक्षी**

अध्ययन क्षेत्रका धिमालहरुले विभिन्न प्रकारका पशुपक्षी पालेको थाहा पाइयो । पशुपालनमा गाई, बाखा, गोरु, हाँस, कुखुरा र सुँगुर रहेका छन् । उनीहरुले पालेका पशुपक्षीहरुको आफ्नै सामाजिक सांस्कृतिक महत्व रहेको पाइयो । धिमालहरुले धेरै जसो सुँगुर, कुखुरा, हाँस, पाल्ने गरेको देखियो । जसलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ४: धिमालहरुको घरपालुवा पशुपंक्षीको विवरण

| पशुपक्षीको विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| गाई | ६ | २.९१ |
| गोरु | १४ | ६.७९ |
| बाखा | १६ | ७.७६ |
| कुखुरा | ९६ | ४६.६० |
| हाँस | ४० | १९.४१ |
| सुँगुर | ३४ | १६.५० |
| जम्मा | २०६ | १००.०० |

स्रोतः घरधुरी सर्भेक्षण, २०७३

तालिका नं.४ अनुसार सवैभन्दा बढी कुखुरा ४६.६० प्रतिशत रहेको थियो । त्यसैगरी हाँसको संख्या र सुँगुरको संख्या क्रमशः १९.४१ प्रतिशत र १६.५० प्रतिशत रहेको पाइयो । यसो हुनुमा उनीहरुको आफ्नो सामाजिक संस्कारहरु जस्तैः तिहारमा प्रत्येकको घरमा सुँगुर, कुखुरा र हाँसको भोग दिने चलन रहेछ । त्यसैगरी धिमालहरुले उनीहरुको देवी देवतालाई हाँस र कुखुरा भाकल गर्ने र आफूलाई मनमा लागेको कुरा माग्ने गर्दछन् । धिमालहरुले न्वारन गर्दैनन् जुन बार जो बच्चा जन्मिएको छ त्यही बारको नाम राख्ने गर्दछन् भनी दहाल र रेग्मीको लेखमा लेखिएको भए पनि परसंस्कृतिकरणको प्रभावले गर्दा उनीहरुले आजकाल न्वारान गर्न थालेको पाइयो । न्वारानमा आफन्तजनलाई खाना खुवाउनको लागि पनि हाँस र कुखुरा चाहिने भएकोले यसैगरी आर्थिक रुपले थोरै लगानीले छिटो उत्पादन दिने भएकाले तिनीहरुको संख्या बढी रहेको पाइयो । यसैगरी गाई, गोरु र बाखा कम पाल्ने गरेको पाइयो जसको कारण जग्गा कमी, चरिचरण क्षेत्रको अभाव र सामाजिक संस्कारमा प्रयोग नहुने भएकाले गर्दा कम रहेको पाइयो । त्यस ठाउँमा धिमालहरुले आफ्नो परम्परागत संस्कारलाई बचाउनका लागि अनिवार्य रुपमा सबै घरमा कुखुरा, हाँस र सुँगुर पाल्ने गरेको पाइयो ।

### ४.७ अध्ययन क्षेत्रका धिमालहरुको जमिन

यस क्षेत्रका धिमाल जाति कृषिमा निर्भर रहेको हुँदा जग्गा, जमिन उनीहरुको आर्थिक जिविकोपार्जनको मुख्य श्रोत हो । त्यसैले जिविकोपार्जनका लागि जग्गा जमिन एउटा महत्वपूर्ण श्रोत हो । तर अध्ययनका क्रममा धिमाल जातिले जग्गा जमिनलाई जिविकोपार्जनका मुख्य श्रोतका रुपमा मात्र नलिई यसलाई सामाजिक प्रतिष्ठा, सम्पति र राजनैतिक शक्तिको रुपमा पनि लिएको पाइन्छ, जुन ग्रामीण समाजका मानिसहरुले लिएको पाइन्छ (रेग्मी १९९९) । तर औलो उन्मुलन (२०१२ -१४) पछि र भूमिसुधार कार्यक्रम हुन थालेपछि तराइका जग्गा जमिनहरु पहाडबाट बसाई सरी आएका व्यक्तिहरुले किन्न थाले । यस सँगसँगै धिमाल जाति जमिन विहिन बन्न पुगे र यस्तो प्रक्रिया धिमाल जातिमा मात्र सिमित नभई अन्य पहाडका र तराईका आदिवासी जनजातीहरुमा पनि भएको अनुसन्धानहरुले देखाउँछ । तालिका नं. ५ मा अध्ययन गरिएको धिमाल जातिको जग्गा जमिनको विवरण प्रस्तुत गरिएको छ ।

तालिका नं. ५: अध्ययन क्षेत्रका धिमालहरुको घरधुरीको आधारमा जग्गा जमिनको विवरण

| विवरण | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा नभएका | २ | ७.४० |
| १ - ५ कठ्ठासम्म | ४ | १४.८१ |
| ६ - १० कठ्ठासम्म | ५ | १८.५१ |
| ११ - १५ कठ्ठासम्म | ९ | ३३.३३ |
| १६ कठ्ठा भन्दा बढी जग्गा भएका | ७ | २५.९२ |
| जम्मा | २७ | १००.०० |

स्रोतः घरधुरी सर्भेक्षण, २०७३

तालिका नं. ५ को तथ्याङ्क अनुसार २७ घरपरिवार मध्ये आफ्नै जग्गा नभएका २ घरपरिवार संख्या ७.४० प्रतिशत रहेको पाईयो । त्यसैगरी, १६ कठ्ठा भन्दा बढी आफ्नै जग्गा भएका ७ घरपरिवार २५.९२ प्रतिशत रहेको पाईयो । तर यस क्षेत्रमा कुनैपनि घरपरिवारको आफ्नै जग्गा जमिन १ बिगाहा भने नरहेको पाईयो । यस तथ्याङ्क अनुसार सबैभन्दा बढी ३३.३३ प्रतिशत धिमालहरुको जग्गा जमिन ११-१५ कठ्ठा सम्म भएको देखिन्छ । अध्ययनका क्रममा दुईवटा प्रक्रियाबाट धिमालहरुको जग्गा जमिन घट्दै गएको देखिन्छ । एउटा कारण जनसंख्या वृद्धि वा छोराहरु बीच हुने अंशवण्डा र अर्कोतर्फ बाहिरका मानिसहरुको आगमन/अनुसन्धान कर्तालाई स्थानीय ५७ वर्षीय एक पुरुषका अनुसारः- अध्ययन क्षेत्रका धिमालहरु पहिले भूमीपति थिए तर समयको परिवर्तन सगैं उनीहरुले आफ्नो जग्गा जमिन बेचबिखन गरे जसले गर्दा धिमालहरु भूमीहिन बन्दै गएका छन् । यसैगरी छोराहरुलाई अंश दिंदा उनीहरुको जग्गा जमिन

टुक्रिन गयो । यसरी जग्गा टुक्रिएको व्यक्तिसँग अनुसन्धानकर्ताले गरेको प्रत्यक्ष कुराकानीलाई यहाँ राखिएको छ ।

घटना १: धिमालको जमिन कसरी घट्यो ?

| |
|---|
| ५५ वर्षीय एक जना पुरुषका अनुसार उनी पहिले ५ बिगाहा जमिनको मालिक भएको बताउँछन् । जंगल फडानी गरि उनका बुबाले उक्त जग्गा जोडेको कुरा बताउँछन् । उनका ५ छोरी र २ छोरा रहेको पनि बताए । कृषि पेशा अपनाएका उनको आम्दानीको श्रोत त्यही जग्गा नै थियो । उनले सवै छोराछोरीको विवाह पनि गरिसकेको  बताए । उनले छोरा छोरीको विवाह गर्दा लिएको ऋण तिर्नका लागि १ विगाहा जग्गा बेचेको बताए । त्यस्तै गरी उनले आफ्ना छोरीहरुलाई पनि मा.वि. सम्म पढाएको र छोराहरुलाई भने क्याम्पस सम्म पढाएको बताए । छोराहरुलाई पढाउँदा पनि केही पैसा ऋण लिएको र त्यो पैसा तिर्न अन्य आम्दानी नभएपछि १० कठ्ठा जग्गा बेचेको बताउँछन् । विवाह गरेको एक, दुई वर्ष नवित्दै छोराहरु छुट्टिएर भिन्न बस्न थाले । दुबै छोराहरुलाई एक एक विगाहाका दरले अंश दिएको र आफू बुढाबुढीलाई एक विगाहा १० कठ्ठा जग्गा राखेको बताए । पहिले ५ विगाहा जमिनका मालिक अहिले आएर एक विगाहा १० कठ्ठा मात्र आफ्नो जग्गा भएको उनले बताए । |

धिमालहरु आफूलाई मतवाली भन्दछन् । त्यसैले जाँडरक्सी प्रशस्त चलाँउदछन । धिमालहरुको “गोरा” शब्दले जाँड र रक्सी दुबैलाई बुझाँउछ । जाँडरक्सी उनीहरु आफैं बनाँउछन । प्रत्येक पर्व, उत्सव, मेजमानी, अतिथि सत्कार आदिमा प्रशस्त उपभोग गर्छन् । जाँडरक्सी धिमालहरु आपसमा बेचबिखन गर्दैनन्, बरु आवश्यक परेका बेला आफैंले घरमा बनाउन नसके ऐंचोपैंचो गरेर चलाउँछन् । त्यसकै परिणामस्वरुप धिमालहरु जाँडरक्सी सेवन गर्ने, जुवा तास अत्याधिक खेल्ने गरेको पनि उनले बताए । यसरी जुवा तास खेल्दा सोझा धिमालहरुको जग्गा कसरी लिन सकिन्छ भनेर अन्य टाठाबाठा क्षेत्री, बाहुन, नेवार आदिले उनीहरुको जग्गा बन्धकीमा लिने गरेको बताए । आम्दानीको अन्यबाटो नभएका कारण उनीहरुले आफ्नो जग्गा जमिन बेचेर अथवा बन्धकिमा (पैसा लिएर जग्गा राख्ने) राखेर खर्च चलाउने गरेको र त्यो पैसा तिर्न नसकेपछि अहिले भूमिहिन पनि बन्न पुगेको बताए । अनुसन्धानकर्ताले पहिले जग्गा भएका तर अहिले भूमीहिन बनेका एक जना व्यक्तिसँग गरेको प्रत्यक्ष कुराकानीलाई यहाँ राखिएको छ ।

घटना २: जाँडरक्सीका कारण जग्गा सकिएको

> ४० वर्षीय एक पुरुषका अनुसार उनका बुबाको ३ बिगाहा जग्गा भएको बताउँछन् । उनका बुबा केही पनि काम नगर्ने र जाँडरक्सी अत्याधिक सेवन गरी जुवा तास खेल्ने गरेको बताए । यसो हुँदा उनका बुबाले सवै जग्गा नजिकैका एकजना धनाढ्यलाई बन्धकीमा दिए । यसरी आफू सानो हुँदा नै बुबाले जग्गा बन्धकीमा राखेपछि त्यो पैसा तिर्न नसकेपछि उक्त जग्गा ति व्यक्तिले आफ्नो नाममा नामसारी गरेको कुरा बताए । बुबाको लापरबाहीले गर्दा अहिले आफूसँग एक कठ्ठा पनि जमिन नभएको र रिक्सा चलाएर आफ्नो जिविका चलाउदै गरेको बताए ।

आफ्नो जग्गा जमिन भएका अर्थात सम्पन्न धिमालहरुले छोराछोरीको शिक्षामा पनि समान रुपले लगानी गरेको पाइयो । उनीहरुले छोराछोरी दुवैलाई निजी स्कूलमा पढ्न पठाएको देखियो भने जसको जग्गा पनि थोरै अथवा अन्य आम्दानीको श्रोतको रुपमा ज्याला मजदुरीलाई अपनाएका छन् । उनीहरुको काम गर्न सक्ने नहुन्जेल मात्र छोरा छोरीलाई स्कूल पठाउने र अर्काको मेलामा काम गर्न सक्ने अर्को शव्दमा भन्ने हो भने १४।१५ वर्ष उमेर भएपछि आफूसँगै मजदुरी गर्न लाने गरेको अनुसन्धानकर्ताले अवलोकनको क्रममा थाहा पाइयो । जसको कारणले पनि धिमालहरुको उच्च शिक्षामा सहभागिता कम भएको अवलोकनबाट थाहा पाइयो ।

## ४.८ मासिक आम्दानीका आधारमा शैक्षिक अवस्था

सामाजिक संरचनाको प्रमुख आधारतत्व मानिने आर्थिक स्रोतले विभिन्न क्षेत्रमा प्रभाव पारे जस्तै शैक्षिक क्षेत्रमा पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ । अध्ययन क्षेत्रका धिमालको शैक्षिक क्षेत्रमा प्रभाव पार्ने एक प्रमुख तत्व आर्थिक अवस्था पनि हो । अध्ययनका क्रममा परिवारको आर्थिक अवस्था सबल भएको परिवारले छोरा छोरीलाई निजी स्कूलमा पढ्न पठाएको पाइयो । यस अध्ययन क्षेत्रका धिमालहरुको पारिवारिक मासिक आम्दानीलाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६: उत्तरदाताहरुको परिवारको मासिक आम्दानी र शैक्षिक विवरण

| मासिक आम्दानी | साक्षर | | निरक्षर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १००० - ५००० | १ | २५.०० | ३ | ७५.०० | ३ | १००.०० |
| ५००१ - १०००० | १ | ३३.३३ | २ | ६६.६६ | ३ | १००.०० |
| १०००१ - १५००० | ३ | ६०.०० | २ | ४०.०० | ५ | १००.०० |
| १५००१ - २०००० | ७ | ८७.५० | १ | १२.५० | ८ | १००.०० |
| २०००१-भन्दा माथि | ६ | ८५.७१ | १ | १४.२८ | ७ | १००.०० |
| जम्मा घर संख्या | १८ | ६६.६६ | ९ | ३३.३३ | २७ | १००.०० |

स्रोतः घरधुरी सर्भेक्षण, २०७३

तालिका नं. ६ का अनुसार जति आम्दानी बढ्दै गएको छ त्यति नै साक्षरको संख्या पनि बढी देखिन्छ । यसले पनि शिक्षा र आर्थिक पक्षको बीचमा अन्तरसम्बन्ध देखिन्छ ।

अध्ययनको क्रममा मासिक आम्दानी ५००० भन्दा कम भएका अभिभावकसंग गरिएको कुराकानीमा ४० वर्षीय एक जना महिलाका अनुसार उनीहरुको आर्थिक अवस्था कमजोर भएका कारण आफू मजदुरी गर्न जाने बताईन । छोरीले घरको काम समाल्नु पर्ने र छोरालाई कहिले काँही आफुसँगै काम गर्न जानुपर्ने हुँदा पढ्न छोडेको बताइन् । अर्काको मजदुरी गर्न नगए बिहान बेलुका हात मुख जोड्न गाह्रो हुन्छ । त्यसैले गर्दा पढ्ने र पढाउने इच्छा हुँदाहुँदै पनि पढाउन नपाएको बताईन् ।

त्यसैगरी, मासिक आम्दानी २०००० भन्दा बढी भएका महिलासँग गरिएको कुराकानीलाई यहाँ राखिएको छ । ३३ वर्षीया एक जना महिलाका २ छोरी र एक छोरा रहेको बताँउछिन् । उनले माध्यमिक शिक्षासम्म लिएको बताँउछिन् । उनको श्रीमानको ईटाँको सप्लायर्स भएको बताउँछिन् । उनका श्रीमानले स्नातक तहसम्मको अध्ययन गरेको बताइन । उनले आफ्ना छोराछोरी दुवैलाई निजी विद्यालयमा पढ्न पठाउने गरेको बताईन् । छोरा र छोरीलाई समान शिक्षा दिनुपर्दछ भन्ने उनको धारणा रहेको पनि बताँउछिन् ।

अनुसन्धानकर्ताले गरेको कुराकानीका आधारमा अध्ययन क्षेत्रमा दुवै प्रकारका परिवार पाइयो । मासिक आम्दानी सवल भएका परिवार र ज्याला मजदुरी गरी जिबिका चलाउने परिवार आर्थिक अवस्था कमजोर भएका परिवारले छोराछोरीलाई पढाउने इच्छा हुँदाहुँदै पनि पढाउन नपाएको बताए । आर्थिक अवस्था सबल भएका परिवारले समान रुपमा छोराछोरीलाई निजी विद्यालयमा नै पढाएको बताए । शिक्षालाई प्रभाव पार्ने कारकतत्वका रुपमा परिवारको आम्दानीले पनि एक महत्वपूर्ण भूमिका खेलेको पाइयो ।

# अध्याय - पाँच
# धिमालको शैक्षिक स्थिति र शिक्षा प्रतिको धारणा

यस अध्यायमा धिमालको शैक्षिक अवस्था के कस्तो छ । त्यसैगरी पुरुष र महिला बिचको शैक्षिक अवस्था शिक्षाका आधारमा धिमालले गर्ने पेशाको बारेमा व्याख्या गरिएको छ । त्यसैगरी धिमालको शिक्षा प्रतिको धारणाको बारेमा बुझ्नको लागि वैयक्तिक अध्ययनको पनि यस अध्यायमा चर्चा गरिएको छ ।

## ५.१ उत्तरदाता धिमालहरुको शैक्षिक अवस्था

यो अध्ययन दमक नगरपालिका वडा नं. ०२, खरखरे टोलमा बसोवास गर्ने धिमाल समुदायको शिक्षाको स्थिति कस्तो रहेछ भनेर थाहा पाउनुको लागि गरिएको थियो । अनुसन्धान कर्ताको अध्ययनको आधारमा हेर्दा समयको परिवर्तन सँगै धिमालहरुको शिक्षामा पनि केही परिवर्तन आउन थालेको पाइयो । जसको बारेमा अध्याय चारमा पनि संक्षिप्त रुपमा व्याख्या गरिएको थियो । उनीहरुको उमेर अनुसार, आर्थिक स्तर अनुसार र परिवारको प्रकृति अनुसार फरक फरक शैक्षिक अवस्था रहेको पाइयो । जसलाई विस्तृत रुपमा बुझ्नका लागि विभिन्न उप शिर्षकमा राखेर देखाइएको छ । अध्ययन क्षेत्रका उत्तरदाता धिमाल पुरुष र महिलाहरु मध्ये २९.६२ प्रतिशत अशिक्षित र १४.८१ प्रतिशत साक्षर र ५५.५५ प्रतिशत शिक्षित रहेको पाइयो ।

तालिका नं. ७: उत्तरदाता धिमालहरुको शैक्षिक स्थिति

| उमेर समूह | शैक्षिक अवस्था | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| ३० भन्दा माथि | निरक्षर | ८ | २९.६२ |
| २६-५० सम्म | अनौपचारिक साक्षर | ४ | १४.८१ |
| १५-२५ सम्म | औपचारिक साक्षर | १५ | ५५.५५ |
| | जम्मा | २७ | १००.०० |

स्रोत: घरधुरी सर्भेक्षण, २०७३

तालिका ७ का अनुसार अध्ययन गरिएको क्षेत्रका उत्तरदाता धिमालहरु मध्ये निरक्षर धिमालहरु २९.६२ प्रतिशत रहेका छन् । उनीहरु कहिल्यै पनि विद्यालय गएका छैनन् । यसरी कहिल्यै पनि विद्यालय नजाने धिमालहरु विशेषत ३० वर्ष भन्दा माथिको उमेरसमूह भित्रका रहेको पाइयो भने अनौपचारिक शिक्षा लिने धिमालहरुपनि २५ वर्ष भन्दा बढी नै उमेर भएका धिमालहरु रहेको पाइयो । २५ वर्ष पहिले र अहिलेको समयमा समयको परिवर्तत संगै धिमालहरुको शिक्षामा पनि परिवर्तन हुन थालेको रहेछ भन्ने कुरा अध्ययनबाट थाहा पाइयो । यस अध्ययन क्षेत्रका धिमालहरुको साक्षरताको प्रमुख श्रोतको रुपमा औपचारिक र अनौपचारिक दुई किसिमको शिक्षा प्रणाली पाइयो । अध्ययन क्षेत्रमा जम्मा २७ उत्तरदाता मध्ये ८ जना

निरक्षर छन् भने बाँकी १९ जना उत्तरदाता निम्न माध्यमद्वारा साक्षर भएका छन् । दमक नगरपालिका वडा नं. ०२ शहरी क्षेत्र अर्न्तगत पर्दछ । यहाँका धिमालहरु आफ्नो प्रारम्भिक शिक्षालाई निरन्तरता दिन नसके पनि २७ जना धिमालहरु मध्ये १९ जना साक्षर छन् जसमा साक्षरताको ठूलो मात्रामा १५ जना अर्थात् ७८.९४ प्रतिशत औपचारिक माध्यमबाट र ४ जना अर्थात २१.०५ प्रतिशत धिमालहरु अनौपचारिक माध्यमबाट साक्षर भएको देखिएको छ । अनौपचारिक साक्षर हुनेहरुमा विशेषत ३१ देखि ४५ वर्ष उमेर समूहका धिमालहरु र त्यसमा पनि निम्न मध्यम वर्गीय परिवारका सदस्य रहेको पाइयो । ४५ वर्षीय एक पुरुषका अनुसार "उनको बुबा आमाको आर्थिक अवस्था कमजोर थियो । उनको बुबा रिक्सा चलाउथे भने आमा अर्काको मेलामा मजदुरी गर्न जाने गर्थिन । मनकुमारले नै घरको काम र भाई बहिनीलाई हेर्नु पर्ने भएकोले उनका बा आमाले उनलाई विद्यालय नपठाएको बताउँछन् । सँगैका साथीहरु विद्यालय गएको देख्दा उनले पनि स्कूल जान्छु भनी बा आमा सँग झगडा पनि गरेको र बा आमाले उनलाई धनीको छोराछोरीले पो पढ्छन् त हामी जस्ता गरीवले काम गरेर खानुपर्छ भन्ने गरेको कुरा बताए । तर वि.सं. २०५८ सालमा दमक नगरपालिकाले प्रौढ शिक्षा कार्यक्रम संचालन गरेको थियो र त्यस प्रौढ शिक्षा कार्यक्रममा आफूले पनि पढेको बताउँछन् ।" उनीसंगको कुराकानीलाई हेर्दा शिक्षा सामाजिक वर्गसँग पनि सम्बन्धित हुँदोरहेछ । कसले शिक्षा लिने कसले नलिने भन्ने कुरा सामाजिक वर्गले पनि निर्धारण गर्ने गरेको पाइयो । अनौपचारिक शिक्षा लिएपछि आफ्नो जीवनमा केही परिवर्तन भएको बताउने धिमाल महिलासंग अनुसन्धानकर्ताले गरेको व्यक्तिगत कुराकानीलाई यहाँ राखिएको छ ।

घटना ३: अनौपचारिक शिक्षा

४३ वर्षिया एकजना महिलाका अनुसार उनी ज्याला मजदुरी गर्ने गरेको कुरा बताउँछिन । उनका श्रीमानले रिक्सा चलाउने गर्दथे । उनीहरुका दुई छोरा र दुई छोरी भएको बताउँछिन । ज्याला मजदुरी गरी जिविका चलाउने उनले गाउँमा २०५८ सालमा नगरपालिकाको प्रोढ शिक्षा कार्यक्रम संचालन गरेको थियो र त्यसमा उनले पनि समय मिलाएर प्रौढ शिक्षा पढेको बताइन । अनौपचारिक शिक्षा (प्रौढ शिक्षा) पढेपछि सामान्य जोड घटाऊ जानेको र अक्षर चिनेको कारण ज्याला मजदुरी गर्न छोडेर रक्सी र मासुको व्यापार गर्न थालेको बताईन । यसरी व्यापार गर्न थालेपछि आफ्नो परिवारको खर्च चलाउन पनि सजिलो भएको बताईन । उनका दुई छोरा र दुई छोरीलाई सरकारी विद्यालयमा पढाइ रहेको पनि बताईन ।

यसैगरी अनौपचारिक शिक्षा लिएका अन्यले पनि नजिकैको धनेश्वर चौकमा उनको जस्तै रक्सी र मासुको पसल गर्ने गरेको पाइयो । उनीहरुको भनाई अनुसार पहिले उनीहरुले अक्षर नचिन्ने भएकाले पैसा चिन्न पनि कठिन थियो तर अहिले सामान्य जोड घटाऊ पनि

जानेको हुँदा आफैले सानो व्यापारिक पसल गर्न थालेको बताए । जसले गर्दा परिवारको खर्च चलाउन सजिलो भएको बताए ।

## ५.३ परिवारको प्रकृतिको आधारमा धिमालहरुको शैक्षिक अवस्था

अध्ययन क्षेत्रका धिमालको सामाजिक अवस्थालाई एकल परिवार र संयुक्त परिवारमा विभाजन गरिएको छ । परिवारको आकारले पनि सन्तानको शिक्षा के कस्तो गर्ने विषयहरुमा निर्भर रहने हुँदा अध्ययन क्षेत्रका धिमालको परिवारको किसिमको आधारमा शैक्षिक विवरणलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८: परिवारको प्रकृतिको आधारमा उत्तरदाताहरुको शैक्षिक विवरण

| शैक्षिक अवस्था | एकल परिवार | | संयुक्त परिवार | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ४ | ५०.०० | ४ | ५०.०० | ८ | १००.०० |
| साक्षर | २ | ५०.०० | २ | ५०.०० | ४ | १००.०० |
| प्रा.वि. | ३ | ७५.०० | १ | २५.०० | ४ | १००.०० |
| नि.मा.वि. | १ | १००.०० | - | - | १ | १००.०० |
| मा.वि. | २ | ५०.०० | २ | ५०.०० | ४ | १००.०० |
| उ.मा.वि. | ३ | ७५.०० | १ | २५.०० | ४ | १००.०० |
| स्नातक | - | - | २ | १००.०० | २ | १००.०० |
| जम्मा | १५ | ५५.५५ | १२ | ४४.४४ | २७ | १००.०० |

स्रोत: घरधुरी सर्भेक्षण, २०७३

तालिका ८ अनुसार यस अध्ययन क्षेत्रमा लिइएको २७ घरधुरीको सर्भेक्षणको आधारमा हेर्दा वर्तमान परिवर्तन समयमा बढ्दै गएको एकल परिवार प्रतिको आकर्षण यस अध्ययन क्षेत्रमा बढी पाइयो । एकल परिवार भन्दा संयुक्त परिवारमा स्नातक शिक्षा पढेका धिमाल बढी पाइयो । एकल परिवार एक आधुनिक परम्परा भएको जुन परिवारमा आमाबाबु र सन्तान मात्रै रहेका हुन्छन् । एकल परिवार आर्थिक रुपमा सबल, न्यून कलह र आपसी सद्भाव ज्यादा रहने साथै हेरचाह र पोषणको राम्रो स्थिति हुन्छ । त्यसैले, एकल परिवारका सदस्यको स्थिति संयुक्त परिवारका सदस्यको भन्दा सबल हुने गरेको पाइए पनि यो अध्ययन क्षेत्रका धिमालको शैक्षिक स्तर एकल परिवारको भन्दा संयुक्त परिवारका सदस्यको नै थोरै मात्रामा उचो पाइयो । यसको कारण संयुक्त परिवारमा घरपरिवारको काममा अन्य परिवारका सदस्यले पनि सघाउने हुँदा पढ्नका लागि समयको वचत हुने गर्दछ । एकल परिवारमा सम्पूर्ण कामहरु प्राय: एक्लैले सम्हाल्नु पर्ने भएकोले गर्दा पढ्न नपाएको पाइयो ।

## ५.४ शिक्षाका आधारमा पेशा

शिक्षा र आर्थिक तत्व एक अर्कासँग प्रत्यक्ष सम्बन्धित हुने भएकोले राम्रो आर्थिक स्रोतको आधारमा व्यक्तिले उपयुक्त शिक्षा प्राप्त गर्ने र प्राप्त गरेको शिक्षा र ज्ञानका आधारमा व्यक्तिले आफ्नो दैनिक जीवनका विभिन्न क्रियाकलाप संचालन गर्दछ । यस अध्ययन क्षेत्रका धिमालहरुले पनि आफूले प्राप्त गरेको शिक्षाको आधारमा विभिन्न पेशामा संलग्न भएका छन् ।

तालिका नं. ९: शिक्षाका आधारमा उत्तरदाताहरुको पेशागत विवरण

| **पेशा** | **शिक्षा** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रा.वि.** | **नि.मा.वि.** | **मा.वि.** | **उ.मा.वि.** | **स्नातक** | **अनौपचारिक** | **निरक्षर** | **जम्मा** | **प्रतिशत** |
| कृषि | २ | | २ | २ | - | ३ | ६ | १४ | ५१.८५ |
| व्यापार | १ | १ | - | - | १ | १ | - | ४ | १४.८१ |
| जागिर | - | - | २ | २ | १ | - | - | ५ | १८.५१ |
| मजदुरी | १ | - | - | - | - | १ | २ | ४ | १४.८१ |
| जम्मा | ४ | १ | ४ | ४ | २ | ४ | ८ | २७ | १००.०० |

स्रोतः घरधुरी सर्भेक्षण, २०७३

तालिका नं. ९ का अनुसार अध्ययन क्षेत्रका धिमालको आफूसँग भएको ज्ञान र शिक्षाका आधारमा विभिन्न पेशामा संलग्न भएका छन् । तालिकामा देखिए अनुसार शिक्षाले पनि व्यक्तिले गर्ने पेशामा प्रभाव पारेको देखियो । सवैभन्दा बढी निरक्षर धिमालहरुले कृषि र ज्याला मजदुरी पेशा अपनाइएको पाइयो ।  तर फेरी कृषि पेशा गर्ने सदस्य भएको परिवारमा नै साक्षरता बढी रहेको पाइयो । उत्तरदाता मध्ये स्नातक तह र उच्च शिक्षा अध्ययन गरेकाले स्थानीय निजी बिद्यालयमा पढाउने गरेको पाइयो । भने मजदुरी गर्ने निरक्षर धिमालहरु २ जना अर्काको मेलामा कामगर्ने १ जना नजिकैको चिया वगानमा चिया टिप्ने र अर्को १ जना घर बनाएको ठाउँमा ज्यालादारी काम गरेको पनि पाइयो । त्यसैगरी व्यापार व्यवसाय गर्ने ४ जना पनि साक्षर नै पाइयो । उनीहरुले नजिकैको धनेश्वर चौकमा हार्डवेयर, सप्लायर्स तथा मासु र रक्सीको व्यापार गर्ने गरेको पाइयो । कुनै पनि व्यक्तिले कस्तो प्रकारको काम गर्ने भन्ने कुराको निर्धारण पनि व्यक्तिमा भएको क्षमताले निर्धारण गर्दो रहेछ भन्ने कुरा तालिका ९ मा पनि देखियो । त्यसैगरी शिक्षाले कसरी व्यक्तिले गर्ने पेशालाई फरक पार्दो रहेछ भन्ने कुरा प्रष्ट भयो ।

## ५.५ पुरुष र महिलाहरु बीचको शैक्षिक अवस्था

यस अध्ययन क्षेत्रमा लैङ्गिक भिन्नता कति छ भनेर हेर्नका लागि पुरुष र महिला बीच भएको शैक्षिक अवस्थालाई हेर्नका लागि पाँचवर्ष भन्दा माथि उमेर भएका पुरुष र महिला बीचको शैक्षिक अवस्था यहाँ देखाइएको छ ।

तालिका नं. १०: अध्ययन क्षेत्रका पुरुष र महिलाहरु बीचको शैक्षिक अवस्था

| शैक्षिक अवस्था | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| निरक्षर | ३ | १५.७८ | १६ | ८४.२१ | १९ | १००.०० |
| साक्षर | ५ | ३८.४६ | ८ | ६१.५३ | १३ | १००.०० |
| प्रा.वि. | १५ | ४५.४५ | १८ | ५४.५४ | ३३ | १००.०० |
| नि.मा.वि. | १७ | ५६.६६ | १३ | ४३.३३ | ३० | १००.०० |
| मा.वि. | १५ | ४६.८७ | १७ | ५३.१२ | ३२ | १००.०० |
| उ.मा.वि. | १० | ७१.४२ | ४ | २८.५७ | १४ | १००.०० |
| स्नातक | ४ | ८०.०० | १ | २०.०० | ५ | १००.०० |
| जम्मा | ६९ | ४७.२७ | ७७ | ५२.७३ | १४६ | १००.०० |

स्रोतः घरधुरी सर्भेक्षण, २०७३

तालिका १० मा देखिएको तथ्याङ्कका आधारमा हेर्ने हो भने अध्ययन क्षेत्रका धिमाल समुदायमा उच्च शिक्षामा अझ पनि व्यापक रुपमा लैङ्गिक विभेद रहेको पाइयो । जसको कारण पढ्दापढ्दै वैवाहिक जीवनमा बाधिँनु, छोरीले अक्षर चिने मात्र पुग्छ भन्ने मान्यता रहिरहनु, भाइबहिनी हेर्दाहेर्दै पढ्ने उमेर घर्कनु नै महिलाले उच्च शिक्षा हासिल गर्न नसक्नुको मुख्य कारक देखियो । त्यसैगरी, समाज पुरुषप्रधान भएकोले महिलालाई शिक्षा दिनु हुँदैन, उनीहरुले घरधन्दामा मात्र ध्यान दिनुपर्दछ भन्ने धारणा पनी रहेको पाइयो । तालिकामा निरक्षर पुरुष १५.७८ छन् तर महिला ८४.२१ प्रतिशत रहेका छन् । त्यसै गरी महिलाको शैक्षिक स्तर र तह वढ्दै जाँदा सहभागिता घट्दै गएको छ । धिमाल समुदायमा शैक्षिक क्षेत्र लैङ्गिक विभेदको कारण महिला शिक्षा अझै पनि पछाडी परेको देखियो । पुरुष र महिला बीच विभेद गर्ने संस्थाको रुपमा शिक्षण संस्था पनि पाइयो । तर पहिलेको तुलनामा भने केही परिवर्तन भने हुन थालेको देखियो ।

## ५.६ हाल विद्यालय गईरहेका धिमाल बालबालिकाको विवरण

शिक्षाले परिवार समाज र स्वयम् व्यक्तिगत क्रियाकलापमा पनि प्रभाव पार्दछ । यस खरखरे टोलका उत्तरदाताको परिवारमा पनि आमाबुबाको शैक्षिक सचेतना र अज्ञानताले के कस्तो प्रभाव पारेको छ भन्ने कुरा बुझ्न र आफ्ना बालबालिकाको भविष्यप्रति कतिको उत्तरदायी छन् वा छैनन्, सामाजिक रुपमा शिक्षाप्रति कस्तो लैङ्गिक विभेद छ र वर्तमान समयमा शिक्षाप्रतिको सचेतना कति बढेको छ भन्ने कुरा तलको तालिकामा स्पष्ट रुपमा देखाइएको छ ।

तालिका नं. ११: उत्तरदाताहरुको परिवारमा विद्यालय जाने बालबालिकाको विवरण

| विद्यालय जाने बालबालिका | छोरा | | छोरी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निजी विद्यालय गईरहेका | ७ | ७७.७७ | २ | २२.२२ | ९ | १००.०० |
| सरकारी विद्यालय गईरहने | ११ | ४५.८३ | १३ | ५४.१६ | २४ | १००.०० |
| विद्यालय बिचमै छोडेका | २ | २५.०० | ६ | ७५.०० | ८ | १००.०० |
| जम्मा | २० | ४८.७८ | २१ | ५१.२१ | ४१ | १००.०० |

स्रोतः घरधुरी सर्भेक्षण, २०७३

तालिका ११ का अनुसार अध्ययन क्षेत्रका धिमाल समुदायको शैक्षिक गतिविधि सम्बन्धि सामाजिक धारणा कस्तो छ भन्ने कुरा स्पष्टसँग बुझ्न सकिन्छ । यस क्षेत्रका अभिभावकले आफ्नो छोरा र छोरीलाई सरकारी र निजी विद्यालयमा भर्ना गरेको आधारमा नै अनुमान लगाउन सकिन्छ की उनीहरुमा लैङ्गिक विभेद कायम छ । उनीहरुमध्ये ७७.७७ प्रतिशत छोरालाई निजी विद्यालयमा पढाएका र २२.२२ प्रतिशतले मात्र छोरीलाई निजी विद्यालयमा पढाएको देखियो । यसको आधारबाट के बुझ्न सकिन्छ भने धिमाल समुदायभित्र शैक्षिक क्षेत्रमा अझै पनि सामाजिक रुपमा लैङ्गिक विभेद रहेको पाइयो । यस क्षेत्रको अध्ययन कै त्रममा अवलोकनबाट के पनि देखियो भने एउटै घरका दाजुभाई तथा दिदी भाईलाई पनि भाईलाई निजी र दिदीलाई सरकारी विद्यालयमा पढाएको पाईयो । सरकारी विद्यालयमा पढ्ने छोराको संख्या ११ प्रतिशत र छोरीको संख्या १३ प्रतिशत रहेको पाइयो । त्यसैगरी विद्यालय बिचैमा छोड्नेहरुमा पनि छोरा भन्दा छोरीको नै संख्या बढी देखियो । यो महिलामाथि पारिवारिक र सामाजिक रुपमा गरिने विभेद हो ।

धिमाल जातिमा मात्र त्यस्तो स्थिति रहेको भने पाइएन । यस क्षेत्रका अन्य बालबालिकाहरु पनि फरक फरक विद्यालय जाने गरेको पाइयो । अन्य जातिहरुमा पनि छोराछोरीलाई कुनै परिवारले दुबैलाई सरकारी तथा नीजी विद्यालयमा पढाउने गरेको पाइयो । आर्थिक रुपले सम्पन्न धिमाल परिवारका बालबालिका नीजी विद्यालय पढ्ने गरेको पाइयो भने

आर्थिक अवस्था कमजोर भएका विपन्न धिमाल परिवारका बालबालिका सरकारी विद्यालय पढ्ने गरेको पाइयो । तर पछिल्लो समय सरकारी विद्यालयमा पनि अंग्रेजी माध्यमबाट विद्यालय शिक्षा पठनपाठन हुन सुरुभएको कारणले कतिपय धिमाल वा अन्य जातिका बालबालिकाहरुलाई नीजी विद्यालयबाट सरकारी विद्यालयमा स्थानान्तरण गरेको पनि पाइयो । तर धिमाल समुदायमा पहिलेको तुलनामा वर्तमान समयमा शिक्षा प्रतिको धारणामा भने केही परिवर्तन चाही आएको रहेछ भन्ने कुरा अध्ययन क्षेत्रका बालबालिकाहरु कोही पनि विद्यालय जानबाट बञ्चित नभएको अवस्थाबाट थाहा पाईयो ।

## ५.७ उमेर अनुसार शिक्षाप्रतिको सामाजिक धारणा

अध्ययन क्षेत्रका धिमाल महिलाहरुमा शिक्षा प्रतिको बुझाई फरक-फरक रहेको पाइयो । यो जाति भित्र पनि छोरा र छोरी बीच अझैपनि शैक्षिक भेदभाव गर्ने गरेको पाइयो । अनुसन्धानकर्ताले गरेको घरधुरी सर्वेक्षणमा एउटै घरका दिदी र भाईमा भाई निजी विद्यालयमा पढ्ने र दिदी सरकारी विद्यालयमा पढ्ने गरेको पाइयो । धिमाल समाजमा छोरीलाई धेरै शिक्षा चाहिदैन भन्ने धारणा राख्ने व्यक्ति पनि समाजमा रहेको पाइयो ।

यो समुदायको हरेक क्रियाकलापमा पुरुषले नै निर्णय गर्ने गर्दछन् । धिमाल समुदायको शिक्षा प्रति कस्तो धारणा रहेछ भनेर बुझ्नका लागि अनुसन्धानकर्ताले बुझ्न खोज्दा उत्तरदाता धिमालहरुले विभिन्न कारणले पढ्न नपाएको बताए । अध्ययन क्षेत्रका धिमालसँग गरिएको कुराकारनीको आधारमा ३० प्रतिशतले आर्थिक अवस्था कमजोर भएका कारण पढ्न नपाएको बताए, २० प्रतिशतले परिक्षामा अनुर्त्तिण भएकोले पढ्न छोडेको बताए भने १० प्रतिशतले पारिवारिक कारणले र ४० प्रतिशतले पढ्दा पढ्दै विवाह भएको र विवापछि घर व्यवहारका कारण पढाईलाई निरन्तरता दिन नपाएको बताए ।

शिक्षा प्रतिको बुझाई विभिन्न उमेरका मानिसहरुबीच फरक फरक हुने गर्दछ । अध्ययन क्षेत्रका धिमालहरुको पनि शिक्षाप्रतिको धारणा फरक-फरक रहेको पाइयो । अध्ययन क्षेत्रका धिमालहरुले शिक्षालाई कसरी र के कस्तो रुपमा बुझेका रहेछन् त भन्ने कुरालाई तालिका १२ मा देखाइएको छ ।

तालिका नं. १२ः उमेर अनुसार उत्तरदाताहरुको शिक्षाप्रतिको धारणा

| उमेर समूह | शिक्षित | संख्या | अशिक्षित | संख्या | जम्मा |
|---|---|---|---|---|---|
| बुढापाका | चाहिन्छ | ६ | चाँहिदैन | २ | ८ |
| युवायुवती | चाहिन्छ | १९ | चाँहिदैन | - | १९ |

*नोटः यहाँ बुढापाका भनेर ४१ वर्षभन्दा माथि उमेर भएकालाई र युवायुवती भनेर १५ देखि ४० वर्ष उमेर समूहलाई भनिएको छ ।*

उमेर समूह अनुसार शिक्षित र अशिक्षित व्यक्ति पिच्छे शिक्षाप्रतिको बुझाई फरक रहेको पाइयो । शिक्षा चाहिन्छ भन्नेहरुका अनुसार शिक्षाले चेतनास्तर बृद्दि गर्दछ, चेतनाले मानिसको चौतर्फी विकासमा टेवा पुऱ्याउँछ । शिक्षाले सिप र व्यवहार सिकाउँछ । शिक्षाले रचनात्मक कार्य गर्न, आर्थिक विकासमा टेवा पुऱ्याउन, भाषिक व्यवहारमा सक्षम, जीवनस्तर उकास्न, समाजमा प्रतिष्ठित बन्न, कुनै कुराको उचित निर्णय लिन, अरुको लागि सहयोगपूर्ण भाव राख्न, जिम्मेवारी बहन गर्न, समस्याको समाधान गर्न, उधमशील तथा स्वावलम्बी बन्न, समाजमा सकारात्मक परिवर्तन ल्याउन शिक्षाको आवश्यकता महसुस गरेको पाइयो ।

त्यसैगरी, शिक्षा चाहिदैन भन्नेहरुको विचारमा पढेर मात्र केही हुदैंन, हातमुख जोर्न, पैसा कमाउन काम गर्नुपर्छ । पढाईमा लाग्ने खर्चले त घरपरिवार चलाउन सहयोग पुऱ्याउँछ भन्ने गरेको पाइयो ।उनीहरुले यसो भन्नुमा पनि शिक्षाको कमी रहेको पाइयो जो अशिक्षित थिए । अशिक्षित र बुढापाका मध्ये २ जनाले मात्र छोराछोरीलाई शिक्षा चाहिदैन भने तर अध्ययन क्षेत्रका १९ जना धिमाल युवायुवतीहरुको शैक्षिक स्थिति फरक फरक भएपछि उनीहरुको शिक्षा प्रतिको धारणा भने समान पाइयो । उनीहरु सवैले शिक्षा चाहिन्छ नै भनेको पाइयो । अनुसन्धान कर्ताले लिएको जानकारी अनुसार छोराछोरीलाई धेरै शिक्षा चाँहिदैन भन्ने धारणा राख्ने बुढाबुढी पनि पाइयो । यस मध्येका एक जना बुढा बासँग गरेको व्यक्तिगत कुराकानीलाई यहाँ राखिएको छ ।

घटना ४: बुढाबुढीले शिक्षालाई कसरी बुझ्छन् ?

५९ वर्षीय एक पुरुषका अनुसार उनी संयुक्त परिवारमा हजुरबाको भूमिका निर्वाह गरिरहेका छन् र उनलाई बुबा आमाले नपढाएकोमा कुनै गुनासो छैन । आफूले नपढे पनि आफू वृद्ध अवस्थासम्म आइपुगेको घरको काम गरेको र छोराछोरीलाई जन्म दिई पालन पोषण पनि गरेको बताउँछन् । अहिले पनि हाट बजार गएर सामान किनेर ल्याउन सक्ने बताउछन् । तर उनको शिक्षाप्रति फरक विचार रहेको बताए । छोरीलाई धेरै पढाउन नहुने तर छोरालाई पढाउनुपर्दछ भन्ने कुरा उनले बताए । छोरी भनेको अर्काको घर जाने जात हो जति पढेपनि अर्काको घर जान परिहाल्छ त्यसैले छोरीले धेरै पढ्नु पर्दैन अक्षर चिने पुग्छ भन्ने उनको धारणा रहेको थियो । अर्काको घरमा गएर काम नगरी हुदैन काम गरेर सवैलाई खुसी पार्नु पर्छ जति पढेपनि अर्काको घरमा गएपछि भाँडा नमाझी हुदैन घरधन्दा गर्नलाई किन धेरै पढ्नु पऱ्यो ? तर उनी छोराले पढ्नु पर्छ भन्ने कुरामा चाहि सहमत भए । छोराले त जागिर खानुपर्छ विदेश गएर पैसा कमाउनु पर्छ त्यसैले छोरीले भन्दा छोराले धेरै पढ्नु पर्छ । छोरालाई पढायो भने त बुढेसकालमा आफूलाई पनि सुख हुन्छ । त्यसैले छोराले छोरीको भन्दा धेरै पढ्नु पर्छ ।

यी पुरुष बाहेक अध्ययन क्षेत्रका अन्य बुढापाकाहरुले शिक्षाको महत्वलाई त्यति नबुझेपनि उनीहरुमा शिक्षाप्रतिको धारणा सकारात्मक रहेको पाइयो । जसको कारण उनीहरुको पारिवारिक वातावरण र सन्तानहरुको शिक्षाप्रतिको लगाव रहेको थियो जहाँ साक्षर सदस्यहरु थिए । अर्को एकजना बुढापाका पुरुषका अनुसार उनले आफ्ना सन्तानहरुलाई शिक्षा प्राप्त गर्नबाट वञ्चित नगरेको बताए । तर बाबुआमाले मात्र पढाउने रहर गरेर मात्र हुँदैन छोराछोरीले पनि मन लगाएर पढ्नुपर्ने उनको धारणा थियो । यस्तै धारणा अरु बुढापाकाहरुको पनि पाइयो । उनीहरुले छोराछोरीहरुलाई कुनैपनि कुरामा भेदभाव नगरेको पाइयो । उनीहरुले आफ्ना सन्तानहरुलाई बिना भेदभाव विद्यालय र उच्च शिक्षामा सहयोग गरेको पनि पाइयो ।

कुनै पनि व्यक्तिको विचार र बुझाईलाई प्रभाव पार्ने तत्व उसले आर्जन गरेको शिक्षा र उसको उमेर पनि हो । उमेरको आधारमा पनि मानिसको विचार फरक फरक पर्दो रहेछ । यो वैयक्तिक अध्ययनलाई हेर्दा छोरा र छोरीमा शिक्षाको पहुँच समाज रुपले पुग्न नसकेको प्रष्ट हुन्छ जसको कारण समाजमा उच्च शिक्षामा न्यून सहभागिता रहेको पाईयो ।

## ५.८ विवाह र शिक्षा

धिमाल समुदाय मुख्यत तराईको झापा र मोरङ्ग दुईवटा जिल्लामा बसोवास गर्दै आएको एक आदिवासी जनजाति समुदाय हो । यो समुदायमा महिला शिक्षालाई पुर्ण रुपमा व्यवहारमा ल्याउन सकिएको छैन । अर्थात् विवाह अघि छोरीले पढेपनि विवाह पश्चात अर्थात बुहारीलाई पढ्नको लागि सहयोग गर्ने परिवार अध्ययन क्षेत्र भित्र २७ घरमध्ये जम्मा एक घरमात्र पाइयो । विवाह पश्चात महिलाले आफ्नो पढाइलाई निरन्तरता दिन पाएका छैनन् । यस अध्ययन क्षेत्रमा रहेका २७ घरमध्ये १ जना महिलाले मात्र आफ्नो पढाईलाई निरन्तरता दिइरहेको पाइयो । यसरी आफ्नो पढाईलाई निरन्तरता दिने महिला २१ वर्षीया एक महिला छिन । उनको पढाई प्रति समाजले कसरी हेरेको छ भन्ने कुरालाई उनीसँग गरिएको व्यक्तिगत कुराकानीलाई यहाँ राखिएको छ ।

घटना ५: विवाह पछि पनि शिक्षाः

२१ वर्षीया एक महिला अहिले स्नातक तह वि.वि. एस. दोश्रो वर्षमा दमक बहुमुखी क्याम्पसमा अध्ययन गर्दैछिन । उनको परिवारमा सासु ससुरा, श्रीमान र देवर रहेको बताउँछिन । उनको श्रीमानले पनि +२ पढेर बैदेशिक रोजगारीको लागि कतार गएको कुरा उनी बताउँछिन । श्रीमान र सासु ससुराले आफूलाई पढ्न सहयोग गरेको र उनको विवाह १९ वर्षको उमेरमा भएको बताउँछिन । विवाह गर्दा उनले +२ उत्तीर्ण गरिसकेको बताइन । तर त्यस टोलका बुहारीहरुमध्ये आफूले मात्र पढाईलाई निरन्तरता दिएको हुँदा छरछिमेकले उनलाई आफू पढ्न गएर सासूलाई घरको काम गर्न लगाउँछे भनेर कुरा काट्ने गरेको बताइन् । तर उनको पारिवारले भने पढाईलाई निरन्तरता दिनुपर्छ भन्ने गरेको कुरा बताईन । बुहारी त काम खानको लागि पो ल्याएको हो त ? भनेर छरछिमेकीले धेरै पटक उनकी सासूसँग कुरा गरेको पनि उनले बताइन । उनकी सासूले पनि अनौपचारिक शिक्षा लिएको र ससुराले भने प्रा.वि. स्तरसम्मको अध्ययन गरेको बताइन । समाजमा जे भने पनि आफ्नो पढाईलाई निरन्तरता दिने कुरा उनले बताइन ।

ति महिलालाई समाजमा विवाह गरेको २ वर्षसम्म पनि बच्चा नजन्माएको भनेर कुरा काट्ने गरेको पनि बताईन । विवाह पनि सानै उमेरमा गरिदिने र विवाह भएको एक वर्ष भित्रमै महिलाहरु आमा बन्ने जस्ता कारणहरुले गर्दा महिलाले विवाह पश्चात आफ्नो अध्ययनलाई निरन्तरता दिन धिमाल महिलाले नसकेको कुरा अध्ययनको क्रममा उनले बताईन । यस अध्ययनलाई हेर्दा धिमाल समुदायमा अझैपनि बुहारीलाई पनि पढाउनु पर्छ भन्ने धारणा न्यून रहेको पाईयो । यो बैयक्तिक अध्ययनबाट शिक्षालाई प्रभाव पार्ने मुख्य तत्व परिवारको शिक्षा पनि रहेको पाईयो ।

यी महिला बाहेक यस अध्ययन क्षेत्रमा पढ्दापढ्दै विवाह गरेका अरु २ जना महिलाहरु मध्ये कसैले पनि विवाह पश्चात पढाइलाई निरन्तरता दिएको भने पाइएन् । ति २ जना महिला मध्ये एकजना महिलाले १५ बर्षको उमेरमा ९ कक्षा पढ्दापढ्दै विवाह भएको बताइन् । आर्थिक अवस्था कमजोर भएका कारणले उनका श्रीमान बैदेशिक रोजगारीका लागि बिदेश गएका छन् । विवाह गरेको दुई-चार महिनासम्म त विद्यालय गएको तर त्यसपछि बुहारीलाई पढ्न पठाए भनेर छरछिमेकले घरपरिवारको कुरा काट्न थालेपछि उनलाई विद्यालय जान वञ्चित गरीयो । घरपरिवारले नै विद्यालय नजान भनेपछि उनले आफ्नो पढाइलाई निरन्तरता दिन सकिनन् । आफूलााई बाबुआमाले नै  पढ्ने उमेरमा विवाह गरीदिएकोले आफूले पढ्न नपाएको तर आफ्ना भावि सन्तानलाई भने उच्च शिक्षासम्म पढाउने बताईन् ।

शिक्षालाई प्रभाव पार्ने आर्थिक कारणले मात्र नभएर सामाजिक कारणले पनि शिक्षालाई प्रभाव पार्दो रहेछ । अध्ययन क्षेत्रमा विवाहित धिमाल महिलाहरुको उच्च शिक्षामा कम सहभागिता रहनुमा बुहारीलाई पढाउनुपर्छ भन्ने धारणाको विकास नभएको पाइयो ।

## ५.९ पढाई छोड्नुपर्ने कारणहरु

कुनै पनि व्यक्तिको शिक्षा कस्तो हुने भन्ने कुरा उक्त व्यक्ति रहेको समाजको सामाजिक वातावरणले निर्धारण गर्दछ । समाजका व्यक्तिहरु परम्परागत मूल्य मान्यतामा विश्वास गर्ने खालका छन् भने उनीहरुले आफ्नो समाजमा त्यही अनुसारको शिक्षाको विकास गर्ने गर्दछन् । यस अध्ययन क्षेत्रका धिमालहरुले विभिन्न कारणले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकेका छैनन् । जसका धेरै कारणहरु छन् जसमध्ये प्रमुख कारणहरु निम्न रहेका छन् ।

तालिका नं. १३: पढाई छोड्ने कारणहरु

| पढाई छोड्नु पर्ने कारण | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक अवस्था कमजोर भएर | ६ | ५४.५४ |
| परिवारले नपढाएर | २ | १८.१८ |
| विवाह भएर | २ | १८.१८ |
| अनुत्तिर्ण भएर | १ | ९.०९ |
| जम्मा | ११ | १००.०० |

स्रोत: घरधुरी सर्भेक्षण, २०७३

तालिका १३ अनुसार सवैभन्दा बढी पढाई छोड्नुपर्ने कारण आर्थिक अवस्था कमजोर भएर बीचमा विद्यालय शिक्षा छोडेको देखियो । १५ जना अनौपचारिक शिक्षा लिएका उत्तरदाता धिमाल मध्ये ४ जनाले मात्र आफ्नो पढाईलाई निरन्तरता दिइएको पाइयो । त्यसैगरी अर्को कारण विवाह रहेको पाइयो । सानै उमेरमा विवाह गर्ने चलनले गर्दा र विवाह पछि बुहारीले पढ्नु पर्छ भन्ने मान्यता नभएकोले गर्दा बीचैमा पढाई छोडेको देखियो । विवाह पछि विभिन्न समस्याले गर्दा धिमालहरुले आफ्नो पढाइलाई निरन्तरता दिन नपाएको कुरा थाहा पाइयो ।

सरकारले उपलब्ध गराउँदै आएको छात्रबृत्ति अपुग हुने वा पहुँच नहुने र घरको आर्थिक अवस्थाले धान्न नसकेकाले विद्यालय छोड्ने गरेको पाइयो । आर्थिक अवस्था कमजोर भएका कारण बिद्यालय भर्ना हुन नसक्ने, पाठ्यपुस्तक, पाठ्यसामाग्रीहरुको कमी र बिद्यालय पोशाकको अभाव रहेको पाइयो । अर्कोतर्फ आर्थिकोपार्जन गर्दै बिद्यालय जाने सम्भावना पनि नरहेको हुँदा पढाईमा भन्दा पैसा कमाईमा बढी ध्यान गएको पाइयो । धिमाल समुदाय धेरैले कृषि पेशा अपनाएको हुँदा कृषि कामका लागि श्रमिक आवश्यकता पर्ने हुँदा पनि पारिवारिक समस्या भित्र आर्थिक समस्या पनि पर्ने गर्दछ । आर्थिक अवस्था कमजोर भएका कारण ज्याला मजदुरी गर्न जानुपर्ने कारणले गर्दा पनि बीचमै पढाई छोडेको पाईयो ।

त्यसैगरी, पढाई छोड्नुको अर्को कारण परिवारको भूमिका पनि पाइयो । पारिवारिक माया सँगसँगै छोराछोरीलाई संयम, अनुशासन र व्यवहारिक शिक्षा दिनुपनि अभिभावकको कर्तव्य हुन्छ । उत्तरदाताहरुका अनुसार विद्यालयको भरमा मात्र छाडिदिँदा अभिभावकीय जिम्मेवारीबाट वञ्चित हुनुपरेकाले परिवारबाट नपढाएको थाहा पाइयो । घरपरिवारमा शैक्षिक वातावरण सिर्जना हुन नसकेको कारण परिवारले पढ्न हौसला प्रदान नगरेको पनि थाहा पाइयो । यसरी परिवारले नपढाएर पढाई छाड्ने उत्तरदाताहरुको परिवारमा शिक्षाप्रतिको झुकाव कम रहेको पाइयो । आर्थिक अवस्था कमजोर भएका कारण पढाई छोडेकी महिलासँग अध्ययनको क्रममा अनुसन्धानकर्ताले गरेको कुराकानीलाई यहाँ राखिएको छ ।

घटना ६: पढाई र आर्थिक अवस्था

१८ वर्षीया एक महिलाले २०७० सालमा एस.एल.सी. तृतीय श्रेणीमा पास गरेको बताउछिन् । उनका बुबा नजिकैको दमक बजारमा रिक्सा चलाउँछन् भने आमा ज्याला मजदुरी गर्न अर्काको मेलामा जाने गरेको बताउँछिन । उनका दुई जना दिदी र एउटा भाई भएको बताउँछिन । उनकी जेठी दिदीको १४ वर्षकै उमेरमा कक्षा ६ मा पढ्दै गर्दा विवाह भएको र माईली दिदी १६ वर्षको उमेरमा कक्षा १० मा पढ्दै गर्दा आफै विवाह गरेको बताउछिन । त्यस्तै गरी उनको भाइले २०६९ सालमा द्वितीय श्रेणीमा एस.एल.सी. उर्त्तीण गरेको र अहिले दमक बहुमुखी क्याम्पस स्नातक तह अध्ययनरत रहेको बताइन । बुबा आमाको आम्दानी मासिक रु.४०००।- मात्र भएको तर क्याम्पसको शुल्क एक जनाको नै मासिक रु. ७००।- लाग्ने भएकोले गर्दा भाई र आफू दुवै जनाको क्याम्पस शुल्क तिर्न बुबा आमाले नसक्ने भएपछि आफूले पढ्न छोडेको बताईन ।

यो वैयक्तिक अध्ययनलाई हेर्दा छोरीलाई पढाउन छोडेको तर छोरालाई भने पढाउने गरेको देखिन्छ । छोरा र छोरी बीच गरिने लैङ्गिक विभेदले गर्दा पनि यस्तो भएको हुनसक्छ । शिक्षालाई प्रभाव पार्ने एक कारक तत्वको रुपमा आर्थिक तत्वलाई पनि लिने गरिन्छ । परिवारको आर्थिक स्तरले पनि महिलाको र पुरुषको शिक्षामा विभेद गर्न भूमिका खेलेको हुन्छ ।

यसैगरी नै आफ्नो पढाईलाई निरन्तरता दिन नसकेका धिमालसँग अध्ययनको क्रममा अनुसन्धान कर्ताले उत्तरदाता धिमाललाई किन पढाई छोड्नु भयो भनी प्रश्न गर्दा उत्तरदाताले परिक्षा अनुर्त्तिण भएको कुरा बताए । उनीहरुमध्ये एक जनासँग गरिएको व्यक्तिगत कुराकानीलाई यहाँ राखिएको छ ।

घटना ७: परीक्षा अनुर्त्तिण भएकोले पढाई छोडेको

२५ वर्षीय एक पुरुषले हिमालय उच्च माध्यमिक विद्यालयबाट २०६५ सालमा कक्षा १० को सेन्टअप परिक्षा उर्त्तीण गरेको बताए । त्यसपछि २ पटकसम्म एस.एल.सी. पनि दिए तर एस.एल.सी. मा भने आफू अनुत्तिर्ण भएको बताए । यसरी एउटै कक्षामा दुई पटकसम्म फेल भएपछि आफूसँगै पढ्ने साथीहरु कलेज जान थालेको र आफूले चाही त्यही कक्षामा पढ्नु पर्ने भएको कारण र घरमा पनि फेल गरेको भनि गालि गरेकोले गर्दा पढ्न नै छाडेको बताए । घरमा पढ्नको लागि समय नहुनाले गर्दा आफू फेल भएको बताए । विद्यालयको पढाईका भरमा नै परीक्षा लेख्नुपर्छ । घरमा फुर्सदको समयमा बा-आमालाई काममा सघाउनु पर्दछ । कहिले काँही बा-आमासँगै अर्काको मेलामा काम गर्न जानुपर्ने हुन्छ । उनका बा-आमाले अर्काको जग्गा अधियाँ कमाउने गरेको कुरा बताए ।

धिमालहरुले प्राय: घरमा पढ्नको लागि समय नहुने उनीहरुले घरमा विभिन्न किसिमका काम गर्नुपर्ने, विद्यालयको भरमा मात्रै पढ्ने गरेको हुँदा परीक्षामा असफल हुन पुग्दछन् । उनीहरुको परिवारले फेल भएपछि उनीहरुलाई पढ्नु पर्छ भनी प्रोत्साहनको साटो उल्टै निरुत्साहित गरेको कारण पढ्न छोडेको पाइयो । शिक्षालाई निरन्तरता दिने कि नदिने भन्ने कुरा परिवारले सन्तान प्रति गर्ने व्यवहारले पनि महत्वपूर्ण भूमिका खेलेको देखियो ।

## अध्याय -छ
## सारांश र निष्कर्ष

### ६.१ सारांश

शिक्षा मानविय विकासको एक महत्वपूर्ण सूचकाङ्कको साथै आजको प्रतिस्पर्धात्मक युगमा सशक्तिकरणको प्रमुख स्रोत हो । साथै शिक्षालाई राज्यले नै व्यक्तिको नैसर्गिक अधिकारको रुपमा राखेको छ । त्यसैगरी शिक्षाले व्यक्तिको जीवनमा प्रत्यक्ष सम्बन्ध राख्ने कारणले यो मानवीय जिविकोपार्जनसँग सम्बन्धित छ । नेपाल आज पनि शिक्षाको क्षेत्रमा पछाडी परेको पाइन्छ । साथै कतिपय व्यक्तिहरुले त अक्षरहरु चिनेका पनि छैनन् । त्यसैगरी दमक नगरपालिका वडा नं. ०२ मा वसोवास गर्ने धिमाल समुदायका मानिसहरुको शैक्षिक स्थिति थाहा पाउन र उनीहरुको धारणा बुझ्नका लागि धिमाल समुदायको शैक्षिक अवस्था नामक शोधकार्यका लागि उक्त ठाउँका व्यक्तिहरुको अध्ययन गरिएको छ ।

विभिन्न दातृ संघसंस्थाहरु, गैरसरकारी संघसंस्थाहरु तथा स्वयं नेपाल सरकारले पनि प्राथमिक शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्ने, विद्यालय बिचैमा छाड्ने प्रवृत्तिको अन्त्य गर्ने तथा अन्य तहहरुमा समेत छात्राहरुको सहभागिता बृद्धि गरी बिद्यालयमा अध्ययनरत छात्र छात्राहरुको सहभागिता उपलब्धि स्तर बढाउन भरपुर प्रयास भईरहेको स्थिति छ । धिमाल र पिछडिएको समुदायको शिक्षा अभिबृद्धि गर्ने एवम् जीवनस्तर उकास्ने प्रयासहरु पनि जारी रहेको छ । राष्ट्रले यस्तो उपयोगी कार्यक्रम संचालन गर्दा समेत धिमाल बालबालिकाहरुको शिक्षामा पहुँच पुग्न नसकेको स्थिति रहेको छ । यसका कारणहरु के के हुन सक्छन् ? किन बिचमै विद्यालय छोडिरहेका छन् ? यस अध्ययनमा यस्ता समस्याको समाधान खोजी गर्ने प्रयत्न गरिएको छ । समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनहरुमा धिमाल जातिको सामाजिक तथा साँस्कृतिक पक्षहरुको बारेमा अध्ययन गरेको भएतापनि शिक्षा र शैक्षिक अवस्थाको अध्ययन अनुसन्धान गरेको पाइदैन । त्यसैले यस अनुसन्धानमा धिमाल जातिको शिक्षालाई केन्द्रबिन्दु बनाउँदै धिमालहरुको शैक्षिक अवस्था कस्तो छ ? धिमाल बालबालिकाहरुले आफ्नो औपचारिक शिक्षा पूरा गर्छन् वा गर्दैनन् ? धिमालहरुको शिक्षाप्रतिको धारणा कस्तो छ ? यस्ता समस्या समाधानको लागि यो अध्ययन गरीएको थियो ।

यस अध्ययन झापा जिल्ला दमक नगरपालिका वडा नं. ०२ मा बसोबास गर्ने धिमालहरुको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा बारेमा केन्द्रित रहेको छ । जसको उदेश्यहरु धिमालहरुको शैक्षिक स्थिति पत्ता लगाउनु, धिमाल समुदायको शिक्षाप्रतिको धारणा विश्लेषण गर्नु र शैक्षिक निरन्तरता र छोड्नुका कारणहरु खोजी गर्नु रहेको थियो ।

यस अध्ययनका लागि अध्ययन गर्ने क्रममा विभिन्न अध्ययन विधिहरु अपनाइएका छन् । अनुसन्धानको ढाँचाका रुपमा अन्वेषणात्मक र वर्णनात्मक विधिहरु अपनाइएका छन् भने यहाँका अभिभावकहरुबाट पनि जानकारी पाइएको छ । यिनीहरुको घरधुरी भित्रको घरपरिवारलाई विश्लेषणको एकाई मानिएको छ । तथ्याङ्कको प्रकृतिमा विशेष गरी संख्यात्मक र गुणात्मक तथ्याङ्कहरुलाई लिइएको छ भने तथ्याङ्कको श्रोतको रुपमा प्राथमिक श्रोत र द्वितीय श्रोतलाई लिइएको छ । यी तथ्याङ्कहरु संकलनका साधनहरुमा घरधुरी सर्भेक्षण प्रमुख रुपमा रहेको छ भने अर्को विधिमा अर्न्तवार्ता विधिलाई लिइएको छ । यस अध्ययन क्षेत्रमा २७ घरधुरी रहेका छन् । जसमा जम्मा जनसंख्या १५३ रहेको छ, जसमा महिलाको संख्या ७८ र पुरुषको संख्या ७५ रहेको छ ।

यहाँको उमेर अनुपातलाई हेर्ने हो भने ०-४ वर्ष उमेर समूहका बच्चाहरुको संख्या ४.५७ प्रतिशत, ५-९ वर्ष उमेर समूहका वालबालिकाहरुको संख्या ९-१५ प्रतिशत, १०-१४ वर्ष उमेर समूहको संख्या ७.१८ प्रतिशत, १५-१९ वर्ष उमेर समूहका मानिसहरुको संख्या ९.८० प्रतिशत, २०-२४ वर्ष उमेर समूहका मानिसहरुको संख्या ७.८४ प्रतिशत, २५-२९ वर्ष उमेर समूहका मानिसहरुको संख्या १३.७ प्रतिशत, ३०-३४ वर्ष उमेर समूहका मानिसहरुको संख्या ९.१५ प्रतिशत, ३५-३९ वर्ष उमेर समूहका मानिसहरुको संख्या ११.११ प्रतिशत, ४०-४४ वर्ष उमेर समूहका मानिसहरुको संख्या ८.४९ प्रतिशत, ४५-४९ वर्ष उमेर समूहका मानिसहरुको संख्या ७.१८ प्रतिशत, ५०-५४ वर्ष उमेर समूहका मानिसहरुको संख्या ४.५७ प्रतिशत, ५५-५९ वर्ष उमेर समूहका मानिसहरुको संख्या ४.५७ प्रतिशत नै रहेको पाइयो र ६० वर्ष भन्दा माथि उमेर समूहका मानिसहरुको संख्या ३.२६ प्रतिशत रहेको पाइयो । यो तथ्याङ्कलाई हेर्दा २५-२९ वर्ष उमेर समूहका मानिसहरुको संख्या सबैभन्दा बढी र ६० वर्ष भन्दा माथिका उमेर समूहका मानिसहरुको संख्या सबैभन्दा कम भएको पाइयो । त्यसैगरी ५ वर्ष देखि ६० वर्षभन्दा माथिका उमेर समूहहरु मध्ये साक्षरको संख्या १२७ जना र निरक्षरको संख्या १९ रहेको पाइयो । जसमा साक्षर पुरुषको संख्या ६६ र महिलाको साक्षरता संख्या ६१ रहेको पाइयो । निरक्षर पुरुषको संख्या ३ र महिला निरक्षरको संख्या १६ रहेको पाइयो । जसमा पुरुष भन्दा महिला बढी निरक्षर रहेको पाइयो । त्यसैगरी उत्तरदाताको परिवारमा विद्यालय जाने बालबालिकाहरुमा छोराको संख्या १८ जना र छोरीको संख्या १५ जना पाइयो ।

धिमाल समुदाय खासगरी आफ्नै मातृभाषा बोल्ने र आफ्नै सांस्कृतिक रीतिरिवाज, धर्मकर्म अपनाउने गरेको भएतापनि अरु समुदायको प्रभावका कारण नेपाली भाषा र हिन्दु तथा इसाई धर्मप्रति पनि झुकाव राख्ने गरेको पाइयो । उनीहरुमा एकल परिवार बढी रहेको पाइयो । यहाँका मानिसहरुको मुख्य पेशा कृषि रहेको पाइयो । शिक्षाका आधारमा उत्तरदाताको पेशालाई हेर्दा कृषि पेशा अपनाउनेको संख्या ६२.९६ प्रतिशत, व्यापार गर्नेको संख्या १४.८१ प्रतिशत, जागिर गर्नेको संख्या ११.११ प्रतिशत र मजदुरी गर्नेको संख्या पनि ११.११ प्रतिशत नै रहेको

पाइयो । यस अध्ययन क्षेत्रमा धिमालहरुले विभिन्न कारणहरुले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन नसकेको पाइयो । यसरी पढाई छोड्ने धिमालहरुको संख्या ११ जना रहेको छ । जसमा आर्थिक अवस्था कमजोर भएर पढाई छोड्ने ६ जना ५४.५४ प्रतिशत रहेको छ भने परिवारले नपढाएर बिचमै पढाई छाड्नेको संख्या २ जना १८.१८ प्रतिशत, विवाह भएर पढाई छाड्नेको संख्या २ जना १८.१८ प्रतिशत र परीक्षमा अनुत्तिर्ण भएर पढाईलाई निरन्तरता नदिनेको संख्या १ जना ९.०९ प्रतिशत रहेको छ ।

सरकारले उपलब्ध गराउँदै आएको छात्रबृत्ति अपुग हुने वा पहुँच नहुने र घरको आर्थिक अवस्थाले धान्न नसकेकाले विद्यालय छोड्ने गरेको पाइयो । आर्थिक अवस्था कमजोर भएका कारण बिद्यालय भर्ना हुन नसक्ने, पाठ्यपुस्तक, पाठ्यसामाग्रीहरुको कमी र बिद्यालय पोशाकको अभाव रहेको पाइयो । अर्कोतर्फ आर्थिकोपार्जन गर्दै बिद्यालय जाने सम्भावना पनि नरहेको हुँदा पढाईमा भन्दा पैसा कमाईमा बढी ध्यान गएको पाइयो । धिमाल समुदाय धेरैले कृषि पेशा अपनाएको हुँदा कृषि कामका लागि श्रमिक आवश्यकता पर्ने हुँदा पनि पारिवारिक समस्या भित्र आर्थिक समस्या पनि पर्ने गर्दछ । आर्थिक अवस्था कमजोर भएका कारण ज्याला मजदुरी गर्न जानुपर्ने कारणले गर्दा पनि बीचमै पढाई छोडेको पाईयो ।

त्यसैगरी, पढाई छोड्नुको अर्को कारण परिवारको भूमिका पनि पाइयो । पारिवारिक माया सँगसँगै छोराछोरीलाई संयम, अनुशासन र व्यवहारिक शिक्षा दिनुपनि अभिभावकको कर्तव्य हुन्छ । उत्तरदाताहरुका अनुसार विद्यालयको भरमा मात्र छाडिदिँदा अभिभावकीय जिम्मेवारीबाट वञ्चित हुनुपरेकाले परिवारबाट नपढाएको थाहा पाइयो । घरपरिवारमा शैक्षिक वातावरण सिर्जना हुन नसकेको कारण परिवारले पढ्न हौसला प्रदान नगरेको पनि थाहा पाइयो । यसरी परिवारले नपढाएर पढाई छाड्ने उत्तरदाताहरुको परिवारमा शिक्षाप्रतिको झुकाव कम रहेको पाइयो ।

## ६.२ निष्कर्ष

यो अध्ययन मुख्य रुपमा दमक नगरपालिका वडा नं. ०२ का धिमालहरुको शिक्षाप्रतिको धारणा र उनीहरुको शैक्षिक अवस्थामा केन्द्रित भएर अध्ययन गरिएको छ । अध्ययनकै क्रममा यस क्षेत्रका धिमालहरुको शैक्षिक स्तर वृद्धि हुन नसक्नुमा विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक आदि कारणहरुले ठूलो भूमिका खेलेको पाइयो । विभिन्न कारणले पढ्न नपाएका धिमालहरु तथा पढाई निरन्तरता दिन नसकेका धिमालहरु अध्ययन क्षेत्रमा धेरै पाइए । सामाजिक तथा पारिवारिक संरचनाले शिक्षामा कस्तो प्रभाव पार्दोरहेछ भन्ने कुरा विभिन्न घटनाहरुबाट प्रष्ट हुन्छ ।

यो अध्ययनमा शिक्षा सामाजिक र साँस्कृतिक रुपमा कसरी निर्माण हुँदोरहेछ भन्ने कुरालाई हेर्ने प्रयास गरिएको थियो । शिक्षालाई समाजमा रहेका बुढापाका मध्ये थोरैको मात्र फरक धारणा रहेको पाइयो । तर युवायुवतीको शैक्षिक स्तर फरक रहे पनि शिक्षा प्रतिको बुझाई भने समान रहेको पाइयो । शिक्षाप्रतिको धारणा अझैपनि छोरीलाई धेरै शिक्षा चाँहिदैन भन्ने भनाईलाई हेर्दा समयको र उमेरको प्रभाव देखियो । तर पछिल्लो पुस्ताका धिमालहरुले भने शिक्षाको महत्व बुझेको र शिक्षा चाहिन्छ नै भनेको पाइयो । उनीहरुले आफूले अध्ययन पुरा गर्न नपाए पनि आफ्ना छोराछोरीलाई पढाउनुपर्छ भन्ने धारणा राख्ने गरेको पाइयो । परिवारको शैक्षिक स्थितिले पनि धिमालहरुको शिक्षामा प्रभाव पारेको देखिन्छ । उदाहरणका लागि एक महिलाले विवाह पछि पनि आफ्नो पढाईलाई निरन्तरता दिन सक्नुमा उनका सासु ससुराको शिक्षाले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । अध्ययनबाट लिइएको तथ्याङ्कलाई हेर्दा २५/३० वर्ष पहिलेको धिमालहरुको शैक्षिक स्थिति र हालको धिमालको शैक्षिक स्थिति भने फरक रहेको पाइयो । तर समयको परिवर्तनसँगै शिक्षामा पनि आधुनिकिकरण भएको र आधुनिक शिक्षा लिनको लागि अध्ययन क्षेत्रका बालबालिका कोही पनि विद्यालय जाने अवसरबाट बञ्चित नभएको अध्ययनको तथ्याङ्कले देखाउँछ । तर अझै पनि धिमालको शैक्षिक तह बढ्दै जाँदा सहभागिता भने घटी नै देखिन्छ । त्यस्तै गरी अनुसन्धानबाट लिइएको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयमा पढ्ने छोरीको भन्दा छोराको संख्या नै बढी देखिन्छ । यसको आधारमा शिक्षाप्रतिको धारणा सकरात्मक भएपनि धिमाल समुदाय भित्र शैक्षिक सहभागितामा भने लैङ्गिक विभेद विद्यमान रहेको पाइन्छ ।

विभिन्न तथ्याङ्कले शिक्षा न्यून हुनुको प्रमुख कारणको रुपमा चेतनाको अभाव र कमजोर आर्थिक स्थितिलाई मुख्य विषय मानेको पाइन्छ । तर शिक्षामा कम सहभागिता रहनुमा आर्थिक मात्र नभएर पारिवारिक वातावरण, सामाजिक, सांस्कृतिक मूल्य मान्यताले पनि प्रभाव पारेको हुँदो रहेछ भन्ने कुरा अनुसन्धान कर्ताले गरेको धिमालहरुको शिक्षाप्रतिको बुझाईको अध्ययनबाट स्पष्ट हुन्छ । केही धिमालहरु शिक्षालाई अनिवार्य र आवश्यक तत्वको रुपमा बुझेका र उनीहरुको आर्थिक अवस्था सवल रहेको भए पनि विभिन्न कारणहरुले गर्दा उनीहरुले औपचारिक शिक्षा पुरा गर्न सकेका छैनन् । त्यसैले चेतनाको अभाव र आर्थिक स्थितिलाई मात्र शिक्षाको बाधक तत्व मान्न सकिदैन सामाजिक मूल्य मान्यताले पनि यसमा असर गरिरहेका हुन्छन् ।

# सन्दर्भ ग्रन्थसूची

आचार्य, वेदराज, (२०६७), शिक्षाको परिचय, काठमाडौं : रत्न पुस्तक भण्डार ।
आर्थिक सर्वेक्षण, (२०७०/०७१), आर्थिक सर्भेक्षणमा शिक्षा, अनुसूची १, काठमाडौं : शैक्षिक सुचना व्यवस्थापन शाखा ।
उच्च शिक्षा नीति, (२०७२), काठमाडौं : शैक्षिक सूचना व्यवस्थापन शाखा ।
उपाध्याय, हरिहर, (२०६४), द्वन्द्व र शिक्षामा यसको प्रभाव, काठमाडौं : शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।
कार्की, बाबुकाजी, (२०७२), दूर तथा खुला शिक्षाको अपरिहार्यता, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।
खड्का, भूपराज, (२०६१), सबैका लागि स्तरीय शिक्षा, काठमाडौं : शिक्षा पत्रकार समूह ।
खनाल, कल्पना, (२०६३), विशेष लक्षित समूहका लागि शिक्षा, काठमाडौं : शिक्षा विभाग ।
गुरागाँइ, देवकुमारी, (२०६९), वैकल्पिक शिक्षा, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।
गुरुङ्ग, हर्क, सन् (२००८), बहिष्करण देखि समावेशीकरण सम्म : नेपालका लागि सामाजिक राजनीतिक एजेण्डा, काठमाडौं : सामाजिक समावेशीकरण अनुसन्धान कोष ।
गौतम, दिनानाथ, (२०६८), व्यवसायिक शिक्षा आजको आवश्यकता, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।
गौतम, रमेश प्र., (२०७२), नेपालमा शिक्षा र संघियता, काठमाडौं : पैरवी प्रकाशन ।
जे., कृष्णमूर्ति, (२०६९), शिक्षा र जीवनमा यसको तात्पर्य, काठमाडौं : रत्न पुस्तक भण्डार ।
ढकाल, माधव प्र. र कोइराला, मातृका प्र., (२०७१), शिक्षाका आधारहरु, काठमाडौं : रत्न पुस्तक भण्डार ।

देवकोटा, केशवराज, (२०६४), ग्रामीण विकासका लागि शिक्षा, काठमाडौं : शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।
धिमाल, पदम ब., (२०६८), धिमाल परिचय : ललितपुर : आदिवासी जनजाति उत्थान प्रतिष्ठान ।
धिमाल, सोम, (२०६८), धिमाल जातिको चिनारी, ललितपुर : आदिवासी जनजाति उत्थान प्रतिष्ठान ।
नेपालको संविधान, (२०७२), काठमाडौं : नेपाल कानुन व्यवस्था समिति ।
पौडेल, लेखनाथ, (२०५०), शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौं : प्रतिभा पुस्तक भण्डार ।
पौडेल, लेखनाथ, (२०६९), नेपालमा उच्च माध्यमिक शिक्षा विकासको सन्दर्भ र भावी कार्यदिशा, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।
भट्ट, प्रमोद, (२०११), उच्च शिक्षामा सहभागिता : असमानताका सामाजिक आयाम, काठमाडौं : मार्टिन चौतारी ।
युनेस्को, सन् (२०१५), सबैको लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन, युनेस्को प्रकाशन
राई, डिक ब., (२०६४), समावेशी शिक्षा र विद्यालय तहको पाठ्यक्रम, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

लम्साल, हरी प्र., (२०६९), विद्यमान छात्रवृत्तिको प्रावधान र सुविधाविहीन समुदायको पहुँच, भक्तपु, पाठ्यक्रम विकास केन्द्र ।
शर्मा, गोपीनाथ, (२०६०), नेपालमा शिक्षाको इतिहास, भाग-२, काठमाडौं : मकालु प्रकाशन गृह ।
शैक्षिक तथ्याङ्क, (२०७२), काठमाडौं : शिक्षा विभाग ।
त्रि-वर्षिय योजना, (२०६७/०६८-२०६९/०७०), काठमाडौं : राष्ट्रिय योजना आयोग ।
Bhatta, P. (2009). Education in Nepal : Problems, Reforms and Social Change. Kathmandu : Martin Chautari.
MWCSW. (2005). Gender Assessment in the Education Sector, Kathmandu (UNDP).
Regmi, R.R, 1991, The Dhimal Miraculous Migrats of Himal. Nirala Book publication: New Delhi
UNEPA. (2007). Gender Equality and Empowerment of Women in Nepal, UNFPA.
UNESCO. (2001). International Bureau of Education. Paris.
UNESCO. (2009). Education for all 2004-2009, Formative Research Project.
World Bank. (2006). Unequal citizens, Gender, Caste & Ethnic Exclusion in Nepal, Kathmandu.

## परिशिष्ट १
## घरधुरी सर्भेक्षण

| | | |
|---|---|---|
| नामः- | लिङ्गः- | उमेरः- |
| पेशाः- | धर्मः- | शिक्षाः- |
| वडा नं.ः- | टोलः- | |

**परिवार सदस्यको विवरण**

| सदस्यको नाम | उत्तरदातासँगको सम्बन्ध | लिङ्ग | उमेर | पेशा | शिक्षा | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१) तपाईको परिवारका सदस्यहरु दैनिक ज्याला वा मासिक तलबमा काम गर्नुहुन्छ ?

उत्तरः

..............................................................................................................................

....

२) तपाईको परिवारको मासिक आम्दानी कति छ ?

उत्तरः

........................................................................................................................

.....

३) तपाईको परिवारको खर्च सवैभन्दा बढी के मा गर्नुहुन्छ ?

उत्तरः

........................................................................................................................

.....

४) तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

उत्तरः (क) धुर ........................ (ख) कठ्ठा ........................ (ग) बिगाहा ........................

५) तपाईको आफ्नो उत्पादनले कति महिना खान पुग्छ ?

उत्तरः

........................................................................................................................

......

६) (पुग्दैन भने) कसरी धान्नु हुन्छ ?

उत्तरः

........................................................................................................................

.....

७) तपाईले पालन गर्नु भएको पशुपक्षीको विवरण

| पशुपक्षी | संख्या |
|---|---|
| | |

## परिशिष्ट २

## अन्तर्वार्ताको प्रश्नावली विवरण

१) तपाईको टोलमा कस्ता प्रकारका शैक्षिक संस्थाहरु छन् ?

उत्तरः (क) सरकारी ....................................... (ख) निजी

..................................................

२) तपाई कस्तो प्रकारको शैक्षिक संस्थामा पढ्नुभयो ?

उत्तरः (क) सरकारी (ख) निजी

५) (नपढेको भए) तपाईको गाउँमा विद्यालय थिएनन् ?

उत्तरः

....................................................................................................................

.....

६) (थिए भने) तपाई विद्यालय जानु भएन ?

उत्तरः

....................................................................................................................

.....

७) (गएको भए) कतिसम्म पढ्नु भयो ?

उत्तरः

....................................................................................................................

.....

८) त्यसपछि किन पढ्नु भएन ?

उत्तरः

....................................................................................................................

.....

९) उच्च शिक्षा हासिल गर्नका बाधाहरु के छन् ?

उत्तरः (क) आर्थिक ...................................... (ख) अन्य

...............................................

१०) सरकारी छात्रवृत्ति पाएको भए पढ्नुहुन्थ्यो ?

उत्तरः

........................................................................................................................

.....

११) तपाईको परिवारमा छोरा र छोरीको शिक्षामा फरक छ ?

उत्तरः

........................................................................................................................

.....

१२) (छ भने) के फरक छ ?

उत्तरः

........................................................................................................................

.....

१३) महिलाहरुको शिक्षामा न्यून सहभागिताको कारण के हुन सक्छ ?

उत्तरः

.....................................................................................................................

.....

.....................................................................................................................

.....

१४) शिक्षामा महिला उपस्थिति बृद्धि गर्न के गर्नुपर्ला ?

उत्तरः

.....................................................................................................................

.....

.....................................................................................................................

....

समाप्त